# उद्यम विकास रणनीतिक योजना
# दोर्दी गाउँपालिका, लमजुङ्ग
# २०७५/०७६ देखि २०७९/०८० सम्म



दोर्दी गाउँ कार्यपालिकाको कार्यालय
लमजुङ्ग
२०७५

# लमजुङ्ग जिल्लाको नक्सा



# दोर्दी गाउँपालिकाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## लघु उद्यम विकासको ५ वर्षे रणनीतिक योजनाको संक्षिप्त झलक

| | | |
|---|---|---|
| अञ्चल | गण्डकी | |
| जिल्ला | लमजुङ्ग | |
| कार्यक्रम अवधी | ५ वर्ष (२०७५/०७६-२०७९/०८०) | |
| कार्यान्वयन गर्ने मूख्य निकाय | दोर्दी गाउँ कार्यपालिकाको कार्यालय, लमजुङ्ग | |
| उद्यम किास कार्यान्वयनमा संलग्न हुने निकायहरु | • दोर्दी गाउँपालिका, लमजुङ्ग<br>• संघिय सरकार<br>• प्रदेश सरकार<br>• दातृ निकायहरु<br>• कार्यरत गैरसरकारी संघसंस्थाहरु<br>• बैंक तथा वित्तीय संस्थाहरु<br>• सा.व. उ. समूह<br>• निजी क्षेत्र | |
| प्राविधिक तथा आर्थिक सहयोग | **गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा)** | |
| कार्यक्रमले समेट्ने क्षेत्रहरु | दोर्दी गाउँपालिकाका ९ वटा वडाहरुका सबै बस्तीहरु | |
| जम्मा अनुमानित लागत रु | गाउँपालिकाले केन्द्र तथा प्रदेश सरकार तथा आफ्नो बिभिन्न शिर्षक र अन्य स्रोत गरी रु व्यवस्था गर्ने छ। | |
| वित्तीय स्रोत | दोर्दी गाउँपालिकाले केन्द्र तथा प्रदेश सरकार र आफ्नो बजेट, मेडपा तथा अन्य संघसंस्थाहरुको सहयोगमा जुटाउने रकम। | ९,१५,७६,००० |
| | अपुग रकम जुटाउन NGO/INGO तथा अन्य दातृ निकायसँग पहल गर्नु पर्ने रु | १३,७३,५०० |
| | **जम्मा** | ९,१५,७६,००० |
| ५ बर्षमा सृजना हुने उद्यमीको संख्या | १८५१ | |
| ५ बर्षमा सृजना हुने रोजगारीको संख्या | २७७९ | |
| परिकल्पना | **" स्रोत साधन र सीपको उपयोगबाट उद्यम र रोजगारीमा बृद्धि, दोर्दी गाउँपालिकाका जनताको सुशासन सहितको समृद्धि"** | |
| लक्ष | दोर्दी गाउँपालिकाको लघुउद्यम विकास योजनाको मूल लक्ष भनेको गाउँपालिका क्षेत्रमा छरिएर रहेका स्रोत तथा सीपमा आधारित लघु तथा घरेलु उद्यमहरुको स्थापना तथा विकास गरी थप २७७९ विपन्न बर्गको आयस्तरमा सुधार ल्याई जीवनस्तरमा सुधार ल्याउने हो: | |

| | |
|---|---|
| | **लक्षका सूचकहरु:**<br><br>● योजनाको अन्त्य सम्ममा नयाँ उद्यम स्थापना गर्ने उद्यमी मध्ये ७० प्रतिशत उद्यमीको आयमा कम्तिमा पनि ६० प्रतिशतले बृद्धि भएको हुनेछ ।<br>● लघु उद्यममा रोजगारी पाउने मध्ये कम्तिमा पनि ६५ प्रतिशतको आयमा ६० प्रतिशतले बृद्धि भएको हुनेछ ।<br>● स्तरोन्नतीको सेवा पाएका मध्ये कम्तिमा पनि १५ प्रतिशत लघु उद्यमहरु साना उद्यममा परिणत भएका हुनेछन् । |
| उद्देश्य | यो योजनाको मूल उद्देश्य भनेको विपन्न वर्गको समृद्धिका लागि दोर्दी गाउँपालिकामा छरिएर रहेका परम्परागत सीप, शिल्पीहरु तथा स्रोत साधनको पहिचान गरी लघु, घरेलु तथा साना उद्योगको स्थापना तथा स्तरोन्नती गरी थप रोजगारीको श्रृजना गरी विपन्न वर्गका समुदायका मानिसको जीवनस्तरमा सुधार ल्याउँने हुनेछ । |
| **मूख्य कार्यक्रमहरु** | |
| १ | बजार सर्भेक्षण, स्रोत सम्भाव्यता अध्ययन तथा लक्षित समूह पहिचान |
| २ | उद्यमशीलता विकासका लागि सामाजिक परिचालन |
| ३ | उद्यमशीलता विकास तालीम |
| ४ | प्राविधिक सिप विकास तथा पुराना उद्यमको स्तरोन्नती गर्ने । |
| ५ | वित्तीय सेवामा उद्यमीहरु तथा अन्य मूल्य श्रृंखलाका पात्रहरुको पहुँच बृद्धि |
| ६ | उपयुक्त प्रविधि सम्बन्धन विस्तार |
| ७ | मूल्य श्रृंखलाको विकास तथा बजारसँगको सम्बन्ध विकास र व्यवस्थापन |
| ८ | ब्यावसायिक परामर्श सेवा |
| ९ | मानवस्रोत व्यवस्थापन तथा संस्थागत विकास |
| १० | प्रविधिको विकास तथा प्रविधि परिवर्तन तथा ब्यवस्थापन । |
| ११ | लघु उद्यमीहरुको लागि घुम्ती कोषको रुपमा उद्यम विकास कोषको ब्यवस्था |

# कृतज्ञता ज्ञापन

यो लघु उद्यम विकासको ५ बर्षे रणनीतिक योजना तर्जुमामा धेरै व्यक्ति तथा संस्थाको सहयोग नभएको भए सफल हुने थिएन । तसर्थ सर्वप्रथम यो योजना तर्जुमाको सहजिकरण गर्ने अवसर हामीलाई प्रदान गर्नु भएकोमा दोर्दी गाउँपालिकाका अध्यक्ष श्री ओम बहादुर गुरुङ्ग ज्यू, प्रमुख प्रशासकिय अधिकृत श्री बिजयराज पौडेल ज्यू र प्र.उ.अ.घरेलु समिति, लमजुङ्गका श्री लक्ष्मी प्रसाद दाहाल ज्यूलाई बिशेष धन्यवाद दिन चाहन्छौ ।

यो योजना तर्जुमामा पुरा समय उपस्थित भै आफ्नो अमूल्य योगदान दिनुहुने सबै जन निर्वाचित प्रतिनिधिज्यूहरु लगायत सम्बन्धित बिषयगत निकायका कर्मचारीहरु तथा अन्य विविध समूहको प्रतिनिधित्व गर्नु हुने महानुभावहरु र बडो मेहेनेतका साथ दोर्दी गाउँपालिकाका तहका बिविध सूचनाहरु उपलब्ध गराई योजना तर्जुमालाई सहज बनाई दिनुहुने सरोकारवालाहरुलाई समेत धन्यवाद दिन चाहन्छौं ।

एकिकृत समाज विकास नेपाल

# बिषय सूचि


लघु उद्यम विकासको ५ वर्षे रणनीतिक योजनाको संक्षिप्त झलक ........ 4

कृतज्ञता ज्ञापन........ 6

बिषय सूचि........ 7

शब्द सङ्क्षेप ........ 9

खण्ड - १: परिचय........ 10

१.१ दोर्दी गाउँपालिकाको संक्षिप्त तहको परिचय ........ 10

१.२ उद्यम विकास रणनीतिक योजनाको औचित्य ........ 11

१.३ उद्यम विकास रणनीतिक योजनाको उद्देश्य : ........ 12

१.४ उद्यम विकासको रणनीतिक योजना तर्जुमा प्रकृया........ 14

१.५ उद्यम विकास रणनीतिक योजना रिपोर्टको संरचना ........ 14

१.६ रणनीतिक योजना तर्जुमाका सीमाहरुः........ 15

खण्ड - २: वस्तुगत विवरण ........ 15

२.१ दोर्दी गाउँपालिकाको भौगोलिक अवस्था........ 15

२.२ जनसंख्या र सामाजिक परिवेश :........ 17

२.३ भौतिक पूर्वाधार........ 19

२.४ दोर्दी गाउँपालिकाको आर्थिक गतिविधि ........ 21

२.६ रोजगारीको अवस्था ........ 21

२.६ उद्यम विकास सम्बन्धी सेवा प्रदायकहरु........ 22

खण्ड ३: स्रोत साधन तथा बजार सर्भेक्षण........ 23

३.१ बजारको अवस्था :........ 23

३.२ बजारिकरणका चुनौतीहरुः ........ 24

३.३ स्रोत साधनको सम्भावना र सम्भाव्य उद्यम आँकलन ........ 26

वन पैदावार तथा खनिजमा आधारित स्रोत साधनको सम्भावना र सम्भाव्य उद्यम आँकलन........ 30

३.४ उद्यम विकासका चुनौती तथा समस्या विश्लेषणः........ 34

खण्ड - ४ आगामी ५ बर्षको रणनीतिक योजना ........ 39

४.१ पृष्ठभूमि ........ 39

**४.२ उद्यम विकास सम्बन्धी मूख्य सिद्धान्त तथा अवधारणा :(Key Principles and Approaches):**........ 40

४.३ आगामी ५ बर्षको परिकल्पना (Vision):........ 47

४.४ आगामी ५ बर्षको लक्ष्य (Goal): ........ 48

३.५ आगामी ५ बर्षको उद्देश्य (Objective):........ 49

४.६ आगामी ५बर्षमा निकाल्नै पर्ने नतीजाहरुको बिस्तृत योजनाः ........ 50
४.६.१ उद्यम र रोजगारी श्रृजना तथा लगानी र आय बृद्धि योजना : ........ 50
४.६.२ उद्यमशिलता तथा सीप बिकास तालीम योजनाः ........ 59
४.६.३ लघु, घरेलु तथा साना उद्योगको स्तर उन्नति योजनाः ........ 59
४.६.४ वित्तीय सेवामा उद्यमीहरु तथा अन्य मूल्य श्रृङ्खलाका अन्य पात्रहरुको पहुँच बृद्धि योजनाः ........ 61
४.६.५ मूल्य श्रृंखलाको विकास तथा बजारसँगको सम्बन्ध विकास र व्यवस्थापन ........ 62
४.६.६ प्रविधिको विकास तथा प्रविधि व्यवस्थापन योजनाः ........ 65
४.७ प्रमुख कार्यक्रमहरुको परिमाणात्मक परिलक्ष र बजेट ........ 66
४.८ आय व्यय विवरण (आ.ब. २०७५/२०७६ देखी २०७९/२०८० सम्म) ........ 75
४.९ तर्कबद्ध योजना( Logical Framework) ........ 77
केहि प्राविधिक सुझावहरु ........ 87
४.१० जनशक्ति ........ 87
खण्ड - ५ कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन ........ 88
५.१ कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयनका संरचनाहरुः ........ 88
५.२ अनुगमन तथा मूल्याङ्कन ........ 91
५.३ जिम्मेवारी तालिका ........ 92
खण्ड ६ अनुसूचीहरु ........ 94
६.१ लघुउद्यमी सृजना र विकास गर्ने कमिक प्रकिया ........ 94
६.२ लघु उद्यम विकास तथा प्रवर्द्धनका लागि सरकारका तर्फबाट भएका नीतिगत व्यवस्थाहरु ........ 95
६.३ सन्दर्भ सामाग्रीहरु : ........ 95
६.३ गोष्ठीका सहभागीहरुको नामः ........ 95
४ गोष्ठीका केहि झलकहरु ........ 98

## शब्द सङ्क्षेप

| | |
|---|---|
| जि.स.स: | जिल्ला समन्वय समिति |
| गा.पा/न.पा: | गाउँपालिका/नगरपालिका |
| MEDEP: (मेडेप) | Micro Enterprise Development Programme |
| उ.वि.शा: | उद्योग विकास शाखा |
| एम.ई डी एफ. | लघु उद्यम विकास कोष |
| सा.ब.उ. महासंघ: | सामूदायीक वन उपभोक्ता महासंघ |
| मे.टन: | मेट्रिक टन |
| इ.डि.एफ: | Enterprise Development Facilitator |
| मेड्पा: | Micro Enterprise DeveoLpment for Poverty Allevation |
| SIYB: | Start and Improve Your Business |
| MECD: | Micro Enterprise Creation and Development |
| मेगा: | Micro Entreprenuer's Association |
| डिमेगा: | District Micro Enterprenuer's Group Association |
| SWOT: | Strengthness Weakness Opportunity and Threats |
| DEDC: | District Enterprise Development Committee |
| EDC: | Enterprise Development Committee |
| गै.स.स: | गैर सरकारी संस्था |

# खण्ड - १: परिचय

## १.१ दोर्दी गाउँपालिकाको संक्षिप्त तहको परिचय

दोर्दी गाउँपालिका नेपालका पुरानो प्रशासनिक विभाजन अनुसार मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत लमजुङ्ग जिल्लामा र हाल प्रदेश नं. ४ मा पर्दछ । दोर्दी गाउँपालिका लमजुङ जिल्लामा अवस्थित छ । विसं २०७३ सालमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७४४ स्थानीय तह लागू गर्दा लमजुङ जिल्लामा साविकका हिलेटक्सारको १ देखि ८ वडाहरू, भार्ते, अर्चलबोट, श्रीभञ्ज्याङ, नौथर, पाचोक, ढोडेनी, फलेनी र बन्सार गाउँ विकास समितिहरूलाई समेटेर दोर्दी गाउँपालिका घोषणा गरिएको हो । दोर्दी गाउँपालिकाको क्षेत्रफल ३५०.९३ वर्गकिलोमिटर रहेको छ । यो गाउँपालिका ९ वडाहरूमा विभाजन गरिएको छ । जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका, समुन्द्र सतहबाट न्यूनतम ३८५ मिटर उचाईदेखि ८१६२ मिटर अग्लो मनास्लु हिमशिखर सम्म फैलिएको छ । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छन् । अत्यन्त गर्मी हावापानीदेखि अति ठण्डा हिमाली हावापानीले गर्दा जैविक विविधता एवं वातावरणीय विविधताको दृष्टिले यो ठाउं निकै प्रसिद्ध छ । धेरैजसो पहाडी भुभाग रहेको यस गाउँपालिकामा नदी किनारका समतल मैदान एवं टारहरु, खोंच तथा वेसी रहेका छन् । यस गाउँपालिकाको सिमाना पूर्वमा गोरखा जिल्ला र दूधपोखरी गाउँपालिका, पश्चिममा मर्स्याङ्दी गाउँपालिका र बेसीसहर नगरपालिका, उत्तरमा मर्स्याङ्दी गाउँपालिका र गोरखा जिल्ला तथा दक्षिणमा राईनास, सुन्दरबजार नगरपालिका र दूधपोखरी गाउँपालिका रहेका छन् ।

यस  दोर्दी गाउँपालिकाका बासिन्दाको मूल आय स्रोत कृषि तथा पशुपालन हो भने अन्यमा रेमिटेन्स, व्यापार व्यवसाय, ज्याला मजदुरी तथा स्थानीय सीपमा आधारित हो । राष्ट्रिय जनगणना २०६८ अनुसार साविकका सबै गा.वि.स मिलाएर यस गाउँपालिकाको कूल जनसंख्या १८,५०१ रहेको छ । जसमा महिलाको जनसंख्या १०,०४९ र पुरुषको जनसंख्या ८,४५२  पुगेको छ ।

स्थानीय स्तरमा विभिन्न प्रकारका छरिएर रहेको स्रोत साधन, पूँजी र सीप भएरपनि सोको उपयोग हुन नसक्दा दोर्दी गाउँपालिकामा गरीवीको प्रतिशत उच्च छ । युवाहरुको ठूलो जमात रोजगारीको लागि खाडी तथा अन्य मुलुकहरुमा गएर काम गरिरहे पनि उनीहरुबाट भित्रिएको विप्रेषणको अधिकांश रकम दैनिक उपभोगमा खर्च हुने गरेकाले स्वदेशमै दीर्घकालीन रोजगारीको श्रृजना गर्न सकिने स्थानीय सीप र कच्चापदार्थमा आधारीत लघु उद्यमको विकास गरी युवा जनशक्तिलाई रोजगारी प्रदान लगायत कृषिमा देखिएको जनशक्तिको खाँचोले पारेको नकारात्मक प्रभावलाई पनि न्यूनिकरण गर्न लघु उद्यमको विकासको आवश्यकता पर्न गएको छ ।

यस गाउँपालिकामा पनि सामाजिक र साँस्कृतिक विभेदहरु प्रशस्त भएका हुँदा विकासका थुप्रै चुनौतीहरु छन् । त्यसैले यस गाउँ/नगरपालिकामा गरिने विकासका प्रयासलाई लघु उद्यमको विकासको माध्यमबाट अझ समावेशी वनाउने खाँचो टड्कारो छ ।

यस गाउँपालिकाका धेरै जसो जनता कृषिमा आधारित भएतापनि प्रति परिवार सरदर एकदम कम जमीन रहेको हुँदा निर्वाहमुखी कृषि प्रणालीबाट गरीव तथा विपन्न वर्गको जिविकोपार्जनमा थप चुनौती बन्दै गएको छ । तसर्थ यस्ता कृषकहरुलाई ब्यावसायिक कृषकको रुपमा रुपान्तरित गर्नु अनिवार्य भैसकेको छ । त्यसैगरी

वन पैदावारमा धनी यस गाउँपालिकामा वनमा आधारित उद्यम तथा परम्परागत सीप र प्रविधिलाई अधिकतम उपयोगको वातावरण तयार गरी यस क्षेत्रको जिविकोपार्जनलाई लघु उद्यमको माध्यमबाट थप सहज वनाउनु पर्ने खाँचो छ ।

यस गाउँपालिकाका प्रायः सवै वडामा संचारको सुबिधा पुगीसकेको छ । झोलुङ्गे पुलको प्रयोग गरी आवतजावत गर्नुपर्ने बाध्यता रहेको छ । पूल तथा कच्चि बाटोको निर्माण सम्पन्न भए पश्चात मात्र गाउँमा मोटरबाट आवतजावत हुनेछ तथापी बर्खायामको पहिरोको रोकावट समयमा भने दैनिक यातायातका सेवा सञ्चालनमा हुन भने कठिन नै हुने देखिन्छ । यातायातका साधनहरु पनि गाउँपालिकाको नौथर नजिकै निर्माणाधिन पुल सम्म सञ्चालन भएका र बजार केन्द्रसम्मको सुविधामा ३/४ घण्टा पैदल यात्रा तथा २०–३० मिनेट जति कच्चि गाडिबाटोको यात्राले नै उद्यमीको उत्पादनलाई आन्तरिक तथा बाह्य बजार संजालमा आबद्ध गर्न सहज हुदै गएको छ ।

माथिका सान्दर्भिक तथ्य तथा अवधारणा बमोजिम गाउँ/नगरपालिकाको अगुवाईमा लघु उद्यम विकासको मोडलको सफलतालाई एकाकार गर्दै उद्यम विकास क्षेत्रको रणनीतिक योजना तर्जुमा गर्न वाञ्छनीय भएको हुँदा यो ५ वर्षे उद्यम विकास योजना (२०७५/०७६ -२०७९/०८०) तयार गरिएको हो ।

## १.२ उद्यम विकास रणनीतिक योजनाको औचित्य

नेपालको संविधान २०७२ कार्यान्वयनका शिलशिलामा प्रायः सबै तप्काका जनप्रतिनिधिहरुले ***अबको बाटो जनताको सम्बृद्धिको पाटो*** भनी जनसमक्ष बाचा गरेका छन् र ७५३ वटै स्थानीय निकायहरुको गठन भैसकेको छ । स्थानीय निकायलाई संविधानले प्रदान गरेका विभिन्न २२ अधिकार मध्ये (अनुसूचि ८) अधिकार नं २,१०,१५र १८ ले जनताको सम्बृद्धिलाई बढी जोड दिएको छ । कृषि, वन, पशु सेवा, घरेलु जस्ता निकायहरु स्थानीय निकायको मातहतमा राखिएकाले जनताको सम्बृद्धिमा योगदानका सेवाहरुलाई जनताकै घरदैलो नजिक ल्याएकोले पनि संविधानले जनताको सम्बृद्धिलाई विशेष जोड दिएको पाईन्छ ।

स्थानीय तह सञ्चालन कार्यबिधि २०७४ तथा औद्योगिक ब्यवसायिक ऐन २०७३ अनुसार आ-आफ्नै तरिकाले छुट्टा छुट्टै ढंगले कार्य सञ्चालन गर्दा स्थानीय स्तरमा उपलब्ध स्रोत साधनले दिनुपर्ने जति नतीजा दिन नसकिरहेको अवस्था भएको हुँदा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७० (संसोधन सहित) अनुसार स्रोत सम्भाव्यता अध्ययन, सामाजिक परिचालन, उद्यमशिलताको विकास, प्राविधिक सीप, लघु कर्जामा पहुँच, बजारीकरण, उपयुक्त प्रविधि, वस्तु विविधीकरण, गुणस्तर नियन्त्रण एवं आवश्यक व्यावसायिक परामर्शजस्ता क्षेत्रहरु समेटिएको एकीकृत लघु उद्यम विकासको मोडेल (मेड मोडेल) लाई अवलम्बन गरी स्थानीय विकासको आवधिक योजना र नेपाल सरकार उद्योग मन्त्रालयको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको निर्देशिका २०७० र ५ वर्षे दोश्रो रणनितिक योजना, (२०७५/०७६-२०७७९/०८०) मा एकाकार गराउनु यस गाउँ उद्यम विकास (रणनीतिक) योजनाको ठूलो औचित्य छ ।

**लघु उद्यम विकास कार्यक्रमका निम्न बिशेषताहरुले गर्दा एउटा सफल कार्यक्रमको रुपमा मानिएकाले यसको रणनीतिक योजना तर्जुमाको औचित्यलाई थप सावित गर्दछः**

- महिला, दलित, आदिवासी जनजाती, कम आय भएका बेरोजगार युवाहरु र अन्य पछि परेका समुदायहरुको गरिव परिवारहरुलाई लक्षित गरेको छ ।
- लक्षित वर्गको उद्यमशीलता विकासद्वारा लघु उद्यमी सृजना गर्दछ । उद्यमीको क्षमता अभिवृद्धि भए पश्चात उद्यमीले जुन सुकै क्षेत्रमा सम्भव उद्यम विकास गर्दछ ।
- लक्षित वर्गहरु गरिवीको रेखामुनि भएकाले उनीहरुलाई उद्यमी वनाउन आवश्यक सेवाहरु एकीकृत रुपमा प्रदान गर्दछ । जस्तैः
    - सामाजिक परिचालन
    - उद्यमशीलता विकास
    - प्राविधिक सिप विकास
    - उपयुक्त प्रविधि विकास तथा हस्तान्तरण
    - लघु-वित्त सेवामा पहुँच
    - बस्तु बजारीकरणको लागि संजाल निर्माण र व्यवसाय परामर्श
- लक्षित वर्गलाई तालिम मात्र दिदैन, अन्त्यमा उद्यमी नै वनाउँछ ।
- समावेशी सिद्धान्त अपनाउँछ ।
- समुदाय/वस्तीहरुमा उद्यमशीलता संस्कारको विकास गर्दछ ।
- स्थानीय स्तरमा उपलव्ध तर खेर गैरहेका स्रोत र साधनको सदुपयोग गर्दै लघु उद्यमीको प्रवर्द्धन गर्दछ ।
- स्थानीय स्तरमा उपलब्ध तर लोप हुँदै गैरहेको शीप, ज्ञान र प्रविधिलाई प्रवर्द्धन, परिमार्जन र सुधार गरी लघु उद्यम सृजना गर्दछ ।

**उद्यम विकास योजनाको औचित्यलाई निम्न अनुसार थप प्रष्ट पार्न सकिन्छ :**

- ग्रामीण भेगमा उपलव्ध स्रोत र साधनलाई उद्यममा परिवर्तन गरी वस्तु उत्पादन गर्न एक विस्तृत योजनाको छुट्टै आवश्यकता पर्दछ ।
- ग्रामीण गरीवी घटाउन लघु उद्यम, घरेलु तथा साना उद्यमहरुको माध्यमबाट रोजगारी श्रृजना गर्न ठूलो भूमिका हुन्छ । तसर्थ यसका लागि विस्तृत योजनाको आवश्यकता रहन्छ ।
- छरिएर रहेका स्रोत साधनलाई अभिलेख बनाई व्यवस्थित रुपमा स्थलगत उद्यम विकास योजना निर्माण गर्न यसको आवश्यकता रहेको छ ।
- गाउँ तथा नगरपालिकाले बनाएको योजनाभित्र उद्यम विकास सानो अंश देखिने र दातृ सस्था, स्थानीय निकाय र साझेदार संस्थाहरुबाट प्राप्तहुन सक्ने सहयोगका लागि विस्तृत खाका चाहिने हुँदा उद्यम विकास योजनाले यो आवश्यकतालाई पूर्ति गर्दछ ।
- उद्यम विकास योजनाले दीर्घकालीन रणनीति बनाई स्रोत साधनको प्रक्षेपण गर्दछ ।

## १.३ उद्यम विकास रणनीतिक योजनाको उद्देश्य :

गाउँ उद्यम विकास योजना तर्जुमाको मूल उद्देश्य भनेको गाउँपालिकामा देखिएको लघु उद्यम प्रवर्द्धनका समस्यालाई रणनैतिक हिसाबले सम्बोधन गरी लक्षित वर्गमा खास गरी गरिवीको रेखामुनि रहेका जनता जो सामाजिक रूपले बहिष्कृत र आर्थिक रूपले सीमान्तकृत समूहमा छन्, लघु उद्यम विकासको माध्यमबाट

रोजगारीको अवसरको सिर्जना र आयस्तर वृद्धि गर्न यो एकिकृत रणनीति तयार गर्नु हो । तसर्थ स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी मागमा आधारित उत्पादन तथा सेवाहरूको विकासद्वारा गरिवी न्यूनिकरण गर्न एक रणनीतिको आवश्यकता पर्न गएकोले स्थानीय सीप र स्रोतको उपयोग गर्न सकिने सम्भावनाले सारभूत आर्थिक परिवर्तन गर्न सकिने र युवा रोजगार सिर्जना गर्न सकिने हुँदा उत्पादक जनशक्ति गाउँपालिकामा रहँदा गाउँपालिकाको अन्य विकासमा समेत टेवा पुग्ने भएकाले पनि यो उद्यम विकास (रणनीतिक) योजना तयार गर्नु यसको उद्देश्य हो । यस योजनाका थप उद्देश्यहरु निम्न अनुसार रहेका छन्:

१. स्थानीय तहका सबै सेवा प्रदायकहरूको समान बुझाई र कार्यगत एकता कायम गर्ने ।
२. आवश्यक स्रोत साधनको पूर्व अनुमान गरी सो अनुकूलको व्यवस्था मिलाउने ।
३. लघु, घरेलु तथा साना उद्यमको थप सम्भावनाहरूको पहिचान गर्ने ।
४. सेवा प्रदायकहरूबीच कार्यगत एकता र समन्वय कायम राख्ने ।
५. सबै सेवा प्रदायकहरूको लघु, घरेलु तथा साना उद्यम विकास सम्बन्धि प्रतिबद्धता कायम गर्ने ।
६ योजना तर्जुमा, नीति निर्माण, समन्वय, अनुगमन तथा मूल्याङ्कनजस्ता कार्यहरूमा सरकारी, गैर सरकारी तथा निजी क्षेत्रको संयुक्त तत्परता बढाउने ।
७. उद्यम विकासका क्षेत्रमा लगानीमा दोहोरोपना हटाउने ।
८. उद्यम विकासमा स्रोत साधनको पारदर्शी परिचालन गर्ने ।
९. स्थानीय स्रोत साधनको परिचालनबाट मागमा आधारित बढी भन्दा बढी व्यवसाय सञ्चालन गरी गाउँको बेरोजगारी न्यूनीकरण गर्न सबै सेवा प्रदायकको प्रयासलाई एकजुट गर्ने ।

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) कार्यान्वयन र अन्य विषयगत कार्यालय, दातृ निकाय तथा साझेदार संस्थाहरुमा पनि यस मोडललाई आन्तरिकीकरण गर्न पनि यो पाँच वर्षे उद्यम विकास योजना तयार गर्न आवश्यक परेको हो जस्तैः

- ग्रामीण भेगमा उपलव्ध स्रोत र साधनलाई उद्यममा परिवर्तन गरी वस्तु उत्पादन गर्न एक विस्तृत योजनाको छुट्टै आवश्यकता पर्दछ ।
- ग्रामीण तथा शहरी गरीवी घटाउन लघु, घरेलु तथा साना उद्यमहरुको माध्यमबाट रोजगारी श्रृजना गर्न ठूलो भूमिका हुन्छ । तसर्थ यसका लागि विस्तृत योजनाको आवश्यकता रहन्छ ।
- छरिएर रहेका स्रोत साधनलाई अभिलेख बनाई व्यवस्थितरुपमा स्थलगत उद्यम विकास योजना निर्माण गर्न यसको आवश्यकता रहेको छ ।
- गाउँ विकास योजनाले पूर्वाधार तथा परम्परागत पूर्वाधारलाई बढी जोड दिएको अवस्थामा गाउँ तथा गाउँ उद्यम विकास योजनाले लघु उद्यम प्रवर्द्धन, विस्तार, प्रशोधन, भण्डारण तथा बजारिकरणका लागि उपयुक्त स्रोत र साधनको पक्षमा योजना बनाउने र परिचालन गर्नुपर्ने हुन्छ ।
- गाउँपालिकाले बनाएको परम्परागत योजनाभित्र उद्यम विकास सानो अंश देखिने र दातृ सस्था, स्थानीय निकाय र साझेदार संस्थाहरुबाट प्राप्त हुनसक्ने सहयोगका लागि विस्तृत खाका चाहिने हुँदा उद्यम विकास योजनाले यो आवश्यकतालाई पूर्ति गर्दछ ।

- उद्यम विकास योजनाले दीर्घकालीन रणनीति बनाई स्रोत साधनको प्रक्षेपण गर्दछ ।

## १.४ उद्यम विकासको रणनीतिक योजना तर्जुमा प्रकृया

लघु उद्यमको रणनीतिक योजना तर्जुमामा निम्न प्रकृयाहरु अपनाइएको थियोः

**क) विज्ञ सहजकर्ताको छनौट :**

एकिकृत समाज विकास नेपाललंलाई यस विषयको विज्ञ सेवा प्रदान गर्न छनौट गरी दोर्दी गाउँपालिका, घरेलु तथा साना उद्योग विकास समिति र एकिकृत समाज विकास नेपालबिच सम्झौता भएको हो ।

**ख) योजना तर्जुमा गोष्ठी :**

लघु उद्यम सम्बन्धि सेवा प्रदायक संस्थाहरु दोर्दी गाउँपालिकाका पदाधिकारी, गाउँ कार्यपालिका, लघु वित्त संस्थाहरु, सम्बन्धित कार्यालय प्रतिनीधिहरु, लघु उद्यमीहरु सहित २६ जना सहभागीहरुको उपस्थितिमा मिति २०७५ असाढ १२ गते योजना तर्जुमा गोष्ठी सञ्चालन गरियो । सो गोष्ठीमा परामर्शदाताको सहजीकरणमा यस दोर्दी गाउँपालिका भित्रको लघुउद्यमका वर्तमान अवस्था, उपलव्ध कच्चा पदार्थको अवस्था, वजारकिरणका चुनौती, लघुउद्यमका समस्या, चुनौती, अव लिनुपर्ने रणनीतिक योजना, परिकल्पना, लक्ष्य, उद्देश्य, क्रियाकलापहरु, नयाँ उद्यमीको सिर्जना, सीप विकास तालिम लगायत विषयहरुमा व्यापक छलफल गरी योजनाको मार्गचित्र तयार गर्न स्थानीय व्यक्तिहरु तथा सरोकारवालाहरुद्वारा सहभागितामूलक रुपमा आफ्नो योजना आफै वनाउने प्रजातान्त्रिक पद्धतिलाई अवलम्वन गरिएको थियो ।

**ग) योजना तर्जुमा समन्वय उप समिति गठन :**

यस उद्देश्यको लागि गाउँपालिकाका वडा नं. ४ का अध्यक्ष श्री सुक बहादुर गुरुङ्गज्यू को संयोजकत्वमा श्री भुपेन्द्र पुन, सदस्य सचीव, श्री हिमला घिमिरे, श्री खेम बहादुर गुरुङ्ग, श्री लक्ष्मी रस्तेल, समेत जम्मा ५ जना रहने गरी योजना तर्जुमा प्रतिवेदनको मस्यौदालाई पूर्णता प्रदान गर्ने समेत जिम्मेवारी दिने गरी उक्त उप समिति गठन गरियो ।

**घ) मस्यौदा प्रतिवेदन प्रस्तुतः**

दोर्दी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत तथा दोर्दी गाउँपालिका अध्यक्षसँगको समन्वय तथा उप समितिबाट प्राप्त सुझाव तथा गोष्ठीका सहजकर्ताको प्रतिवेदनको आधारमा मस्यौदाको प्रतिवेदन तयार गरी मिति २०७५। ३ । २२ मा पठाएको हो ।

**ङ मस्यौदाको प्रतिवेदन माथिको छलफल र अन्तिम प्रतिवेदन प्रस्तुतः**

अधिकांस योजना तर्जुमा गोष्ठीका सहभागीहरु भएको १ दिने कार्यशालामा मिति २०७५।०३।२८ मा मस्यौदाको प्रतिवेदन माथी छलफल भै आएको सुझावलाई समावेश गरी अन्तिम प्रतिवेदन मिति ..... मा प्रस्तुत गरियो ।

## १.५ उद्यम विकास रणनीतिक योजना रिपोर्टको संरचना

यस योजना तर्जुमा प्रतिवेदनले ६ वटा खण्डमा गरी प्रतिवेदनलाई मूर्तरुप दिएको छ । जस अन्तर्गत खण्ड १ पृष्ठभूमिमा छोटकरी परिचय, गाउँ उद्यम विकास रणनीतिक योजनाको उद्देश्य, औचित्य, प्रकृया समावेश गरिएको छ भने खण्ड २ अन्तर्गत वस्तुगत विश्लेषण, खण्ड ३ मा बजार तथा स्रोत साधनको बिश्लेषण, खण्ड

४ अन्तर्गत उद्यम विकास रणनीतिक योजनाको विस्तृत विवरण, खण्ड ५ मा अनुगमन तथा मूल्याङ्कनका प्रक्रिया वारे प्रस्तुत गरिएको छ भने खण्ड ६ मा अनुसुचीहरु समावेश गरिएको छ ।

### १.६ रणनीतिक योजना तर्जुमाका सीमाहरुः

- योजना तर्जुमा आफैमा जटिल कार्य हो । यसका लागि गा.पा, न.पा तथा उप महानगरपालिका तहको अद्यावधिक प्रोफाईल चाहिन्छ तर भरखरै मात्र स्थानीय तहको गठन भएको हुँदा प्रोफाईल अद्यावधिक भै नसक्दा गोष्ठीका सहभागिहरुबाट पाईएको सूचना र अन्य Secondary Information लाई आधार मानेर सूचनाहरु समावेश गरिएको छ । तर प्रोफाईल तयार भएकाको हकमा त्यसैलाई आधार मानिएको छ ।
- उपलब्ध सीमित स्रोतका कारण बजार, स्रोत साधन र सम्भाव्य उद्यमहरुको आकलन गोष्ठीबाटै गराईएको छ ।
- उद्यमहरुको एकिकृत रेकर्ड गाउँपालिकामा नभएको हुँदा र मेडेपबाट उपलब्ध भएको उपलब्धीहरुको मात्र रेकर्ड पाईएकाले अन्य निकायहरुले उद्यम विकास सम्बन्धि गरेका उपलब्धिहरुको यथार्थ डाटा पाउन जटील भएको ।

## खण्ड - २ः वस्तुगत विवरण

### २.१ दोर्दी गाउँपालिकाको भौगोलिक अवस्था

प्रकृतिको सुन्दर बगैंचा नेपाल- यसै त स्वर्गभन्दा कम छैन । जहाँ रहेका छन् अनुपम सुन्दरताले भरिपूर्ण सम्पदाहरु, सुन्दर मोतिका मालाभैं मुस्कुराउँदा हिमालहरु, नदि, ताल, तलैया तथा हराभरा अग्ला होचा कहि चुच्चो त कहि समथर परेमा पहाड तथा उपत्यकाहरु । विश्वमैं अतुलनिय प्राकृतिक सम्पदा, जैविक विविधता, किर्तिमानीको लागि चुनौतीपूर्ण भूगोल, साहसिक पर्यटन लगायतका विशेषताका कारण आफ्नो छुट्टै गरिमा स्थातित गरेको नेपालको मानचित्रमा मध्य क्षेत्रको प्रदेश न. ४ अर्न्तगत राजधानी काठमाडौंको उत्तरी-पश्चिम दिशामा अवस्थित एक ऐतिहासिक पृष्ठभुमिले सज्जित मुस्ताङ जिल्लाको लभगभ विच भागमा रहको सुन्दर गाउँको नाम हो दोर्दी । दोर्दी गाउँपालिका धौलागिरी र निलगिरी दुई अग्ला हिमशिखको बिचमा अवस्थित, हिन्दू र बौद्ध पावनभूमी, पवित्र कृष्णगण्डकी प्रवाहित हुने प्रकृतिको अनुपम दृश्य भएको पर्यटकका लागि मनोमोहक एवम् सुन्दर गाउँ हो ।

नेपालको कुनै पनि अञ्चलको सिमाना तथा अन्तराष्ट्रिय सिमानालाई समेत नछुने र भौगोलिक विभाजन अनुसार हिमाली प्रदेशमा अवस्थित यो गाउँपालिकाको पृष्ठभुमी मुस्ताङ जिल्लासंगै गाँसिएर आउँछ । मनोरम हिमाली संरचनाले भरिपूर्ण यो गाउँपालिकाको उच्च हिमाली क्षेत्रको विचमा यत्रतत्र छरिएर रहेका अग्ला होचा भू-भागहरु लगायत विविध भौगोलिक वनावटले गाउँपालिकाको सुन्दरतालाई वृद्धि गर्न मद्यत गरिरहेका छन् । यसका साथै यो क्षेत्र समग्र देशको सुन्दर हिमाली आर्कषणयूक्त भूगोलहरुको प्रतिविम्व हो ।

दोर्दी गाउँपालिका नेपालका पुरानो प्रशासनिक विभाजन अनुसार मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत लमजुङ्ग जिल्लामा र हाल प्रदेश नं. ४ मा पर्दछ । दोर्दी गाउँपालिका लमजुङ जिल्लामा अवस्थित छ । विसं २०७३ सालमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७४४ स्थानीय तह लागू गर्दा लमजुङ

जिल्लामा साविकका हिलेटक्सारको (१(८) वडाहरू, भार्ते, अर्चलबोट, श्रीभञ्ज्याङ, नौथर, पाचोक, ढोडेनी, फलेनी र बन्सार गाउँ विकास समितिहरूलाई समेटेर दोर्दी गाउँपालिका घोषणा गरिएको हो । दोर्दी गाउँपालिकाको क्षेत्रफल ३५०.९३ वर्गकिलोमिटर रहेको छ । यो गाउँपालिका ९ वडाहरूमा विभाजन गरिएको छ । जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका, समुन्द्र सतहबाट न्यूनतम ३८५ मिटर उचाईदेखि ८१६२ मिटर अग्लो मनास्लु हिमशिखर सम्म फैलिएको छ । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छन् । अत्यन्त गर्मी हावापानीदेखि अति ठण्डा हिमाली हावापानीले गर्दा जैविक विविधता एवं वातावरणीय विविधताको दृष्टिले यो ठाउं निकै प्रसिद्ध छ । धेरैजसो पहाडी भुभाग रहेको यस गाउँपालिकामा नदी किनारका समतल मैदान एवं टारहरु, खोंच तथा वेसी रहेका छन् । यस गाउँपालिकाको सिमाना पूर्वमा गोरखा जिल्ला र दूधपोखरी गाउँपालिका, पश्चिममा मर्स्याङ्दी गाउँपालिका र बेसीसहर नगरपालिका, उत्तरमा मर्स्याङ्दी गाउँपालिका र गोरखा जिल्ला तथा दक्षिणमा राईनास, सुन्दरबजार नगरपालिका र दूधपोखरी गाउँपालिका रहेका छन् ।

भु-धरातलीय स्वरुपमा भएका फरकले गर्दा हावापानीमा पनि विविधता पाईन्छ । यस दोर्दी गाउँपालिकालाई हावापानी एवं वातावरणीय दृष्टिकोणले मुख्यतया ३ भागमा विभाजन गर्न सकिन्छ । जसअनुसार मध्यपहाडी क्षेत्रमा उष्ण, उपोष्ण, उच्च पहाडी क्षेत्रमा शमशितोष्ण र हिमाली क्षेत्रमा शितोष्ण किसिमको हावापानी पाईन्छ । यस गा.पा.को अधिकतम तापक्रम ३१ डिग्री सेस्सीयस सम्म रहने गरेको पाईन्छ । दक्षिण पश्चिम मनसुनको प्रभावले गर्दा ज्येष्ठ देखि आश्विनसम्म वर्षा हुने गर्दछ भने पश्चिमबाट वहने पश्चिमी वायुले गर्दा हिउँदमा केही वर्षा हुने गर्दछ । गा.पा.को औसत वार्षिक वर्षा २८०० मिलिमिटर हुने गर्दछ ।

यस दोर्दी गाउँपालिकाका बासिन्दाको मूल आय स्रोत कृषि तथा पशुपालन हो भने अन्यमा रेमिटेन्स, व्यापार व्यवसाय, ज्याला मजदुरी तथा स्थानीय सीपमा आधारित हो । धेरै जसो जनता कृषिमा आधारित भएतापनि प्रति परिवार सरदर एकदम कम जमीन रहेको हुँदा निर्वाहमुखी कृषि प्रणालीबाट गरीव तथा विपन्न वर्गको जिविकोपार्जनमा थप चुनौती बन्दै गएको छ । तसर्थ यस्ता कृषकहरुलाई व्यावसायिक कृषकको रुपमा रुपान्तरित गर्नु अनिवार्य भैसकेको छ । त्यसैगरी वन पैदावारमा आधारित परम्परागत सीप र प्रविधिलाई अधिकतम उपयोगको वातावरण तयार गरी यस क्षेत्रको जिविकोपार्जनलाई लघु उद्यमको माध्यमबाट थप सहज वनाउनु पर्ने खाँचो छ ।

स्थानीय स्तरमा विभिन्न प्रकारका छरिएर रहेको स्रोत साधन, पूँजी र सीप भएरपनि सोको उपयोग हुन नसक्दा दोर्दी गाउँपालिकामा गरीवीको प्रतिशत उच्च छ । युवाहरुको ठूलो जमात रोजगारीको लागि खाडी तथा अन्य मुलुकहरुमा गएर काम गरिरहे पनि उनीहरुबाट भित्रिएको विप्रेषणको अधिकांश रकम दैनिक उपभोगमा खर्च हुने गरेकाले स्वदेशमै दीर्घकालीन रोजगारीको श्रृजना गर्न सकिने स्थानीय सीप र कच्चापदार्थमा आधारीत लघु उद्यमको विकास गरी युवा जनशक्तिलाई रोजगारी प्रदान लगायत कृषिमा देखिएको जनशक्तिको खाँचोले पारेको नकारात्मक प्रभावलाई पनि न्यूनिकरण गर्न लघु उद्यमको विकासको आवश्यकता पर्न गएको छ ।

यस गाउँपालिकामा पनि सामाजिक र साँस्कृतिक विभेदहरु प्रशस्त भएका हुँदा विकासका थुप्रै चुनौतीहरु छन् । त्यसैले यस गाउँ/नगरपालिकामा गरिने विकासका प्रयासलाई लघु उद्यमको विकासको माध्यमबाट अझ समावेशी वनाउने खाँचो टड्कारो छ ।

यस गाउँपालिकाका प्रायः सबै वडामा संचारको सुबिधा पुगीसकेको छ । झोलुङ्गे पुलको प्रयोग गरी आवतजावत गर्नुपर्ने बाध्यता रहेको छ । पूल तथा कच्चि बाटोको निर्माण सम्पन्न भए पश्चात मात्र गाउँमा मोटर बाट आवतजावत हुनेछ तथापी बर्खायामको पहिरोको रोकावट समयमा भने दैनिक यातायातका सेवा सञ्चालनमा हुन भने कठिन नै हुने देखिन्छ । यातायातका साधनहरु पनि गाउँपालिकाको नौथर नजिकै निर्माणाधिन पुल सम्म सञ्चालन भएका र बजार केन्द्रसम्मको सुविधामा ३/४ घण्टा पैदल यात्रा तथा २०–३० मिनेट जति कच्चि गाडिबाटोको यात्राले नै उद्यमीको उत्पादनलाई आन्तरिक तथा बाह्य बजार संजालमा आबद्ध गर्न सहज हुदै गएको छ ।

## २.२ जनसंख्या र सामाजिक परिवेश :

राष्ट्रिय जनगणना २०६८ अनुसार साविकका सबै गा.वि.स मिलाएर यस गाउँपालिकाको कूल जनसंख्या १८,५०१ रहेको छ । जसमा महिलाको जनसंख्या १०,०४९ र पुरुषको जनसंख्या ८,४५२ पुगेको छ ।

**टेवल १:गाउँपालिकाको वडागतरुपमा जनसंख्या विवरण:**

| वडा | साविकको गाविस | घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला | औषत घरधुरी संख्या | लिंग अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | भर्ते | ५८४ | २२३९ | ९६३ | १२७६ | ३.८३ | ७५.४७ |
| २ | अर्चलवोट | ४२४ | १६०५ | ७०३ | ९०२ | ३.७९ | ७७.९४ |
| ३ | श्रीभन्ज्याङ | ४७३ | १७७९ | ८०८ | ९७१ | ३.७६ | ८३.२१ |
| ४ | नौथर | ५३० | २२२३ | ९९० | १२३३ | ४.१९ | ८०.२९ |
| ५ | पाचोक | ५६१ | २४६९ | ११४९ | १३२० | ४.४ | ८७.०५ |
| ६ | ढोडेनी | ५५३ | २६२५ | १२५५ | १३७० | ४.७५ | ९१.६१ |
| ७ | फलेनी | २८४ | १४०५ | ६७६ | ७२९ | ४.९५ | ९२.७३ |
| ८ | वन्सार | ५७२ | २४७७ | ११८३ | १२९४ | ४.३३ | ९१.४२ |
| ९ | हिलेटक्सार | ४१३ | १६७९ | ७२५ | ९५४ | ४.०७ | ७६ |
| जम्मा | | ४३९४ | १८५०१ | ८४५२ | १००४९ | | |

स्रोतः राष्ट्रिय जनगणना २०६८

पुनरसंरचना भै कायम भएको यस दोर्दी गाउँपालिकामा जातजातीहरुको विवरण निम्न टेबुल २ अनुसार छः

टेवल २: गाउँपालिकाको जातिगत विवरण:

| जातजाति/वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| क्षेत्री | ४७९ | ४५६ | १०६ | १३ | | ६६ | | १६ | १४५ |

| चाडपर्व | मनाइने महिना | मनाउने जातजाती |
|---|---|---|
| ल्होसार | पौष | गुरुङ, मगर |
| नववर्ष | बैशाख | क्षेत्री, ब्राह्मण, गुरुङ, मगर, थकाली, कामी दमाई लगायत अन्य जाति |
| तीज | भाद्र | हिन्दु समुदाय (क्षेत्री,ब्राह्मण, कामी र दमाई आदि लगायतका जाति) |
| माघेसंक्रान्ति | माघ | क्षेत्री, ब्राह्मण, गुरुङ, मगर, थकाली, कामी र दमाई आदि लगायतका जाति |
| दशैं, तिहार | असोज, कार्तिक | हिन्दु (क्षेत्री,ब्राह्मण, गुरुङ,मगर, थकाली, कामी र दमाई आदि ) |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ब्राह्मण | ५३८ | ३७३ | ४५९ | ११९ | १२ | २० | | | |
| मगर | ११ | १५ | | १०२ | | | | १२४ | ९५ |
| नेवार | | १५ | १५१ | ७० | | १७ | | | २५ |
| कामी | १७९ | १९७ | १५१ | १७१ | २८ | १९० | ५३ | २२६ | ५५२ |
| गुरुङ्ग | २६३ | २९३ | ३४४ | १३०३ | २११३ | १४८० | ९५५ | १३५७ | ५१५ |
| दमाई/ढोली | ९७ | ८६ | १९७ | | | ६१ | | ३४ | |
| सार्की | ४४ | २१ | १४४ | ६५ | २६ | १०२ | | १०३ | ६८ |
| सन्यासी/दशनामी | १७३ | ३६ | | | | | | | |
| घर्ती/भुजेल | २५६ | ९० | ५१ | | | | | | |
| तामाङ्ग | १७८ | | १६० | ३४५ | २६५ | ६८६ | ३८३ | ६०३ | २६० |
| अन्य | २१ | २३ | १६ | ३५ | २५ | ३ | १४ | १४ | १९ |
| **जम्मा** | **२२३९** | **१६०५** | **१७७९** | **२२२३** | **२४६९** | **२६२५** | **१४०५** | **२४७७** | **१६७९** |

| | | |
|---|---|---|
| कृष्ण जन्माष्टमी | भाद्र | हिन्दु समुदाय (क्षेत्री,ब्राह्मण, कामी र दमाई आदि लगायतका जाति) |
| धान्ने पूर्णीमा | | गुरुङ ,मगर, नेवार, कामी र दमाई आदि |

टेबलमा उल्लेख गरिए अनुसार यस गाउँपालिकामा विभिन्न समुदायका मानिसहरुको बसोवास रहेका हुनाले उनीहरुका आ आफनै चाडपर्वहरु छन् । नेपालको सांस्कृतिक विविधतालाई झल्काउने प्रमुख विषय भनेको स्थानीय चाडपर्व, भाषा धर्म तथा संस्कृतिहरु हुन् । दोर्दी गाउँपालिका जातिय, भाषिक, धार्मिक रुपमा विविधता बोकेको गाउँपालिका हो । यसै कारण यहाँका स्थानीय चाडपर्व तथा संस्कृतिरहरुमा पनि विविधता पाइन्छ । यस क्षेत्रमा बसोवास गर्ने जातजाति अनुसार फरक फरक चाडपर्व तथा जात्राहरु मनाइने गर्दछन् । यस स्थानमा केही महत्वपूर्ण मेला लाग्ने स्थानहरु पनि छन् । यी स्थानहरुमा नववर्ष, वैशाख पूर्णीमा, जनै पूर्णीमा, गाईजात्रा, तीज, दशैं ल्होसार, माघे संक्रान्ती, शिवरात्री र चैते दशैं लगायतका चाडपर्वहरु मनाईने गरिन्छ । यस क्षेत्रमा गुरुङ जातीको प्रमुख वाहुल्यता रहेको छ । गुरुङ संस्कृतिको परिचयको रुपमा घाँटुनाच लाई लिईन्छ । प्रत्येक वर्षको वैशाख पूर्णीमामा यो नाच प्रस्तुत गरिन्छ । घाँटुनाच दुई किसिमका (सतीघाँटु र वाऱ्हमासे घाँटुनाच) रहेका छन् । त्यसैगरी गुरुङ समुदायमा रोदी पनि प्रसिद्ध सँस्कृतिको रुपमा परिचित छ ।

गाउँपालिकामा अधिकांस जनसँख्या बौद्ध धर्मावलम्वी रहेका छन् । यसैकारण उल्लेख्य रुपमा यहाँ बौद्ध सम्प्रदायको संस्कृति तथा संस्कार झल्काउने खालका गुम्बाहरु रहेका छन् । बौद्ध वाहेक उल्लेख्य हिन्दुहरुको मन्दिर पनि भेटिएका छन् । जिवी देवी मन्दिर, वुद्ध गुम्वाहरु, शिव मन्दिर, गुर्जुरे देउता खूँ, कालिका मन्दिर, देवीस्थान मन्दिर, थिपलेटी मन्दिर, देवी मन्दिरहरु यहाँका प्रशिद्ध तिर्थ स्थलहरु हुन् ।

**ऐतिहासिक स्थलहरुः** यस गाउँपालिकामा धेरैजसो धार्मिक स्थलहरु रहेको देखिन्छ जस्मा मन्दिर, गुम्वाहरु रहेका छन् । यहाँ ऐतिहासिक चिनारी भएका बाह्र पोखरी, मिमे पोखरी, लिपे डाँडा(पाच्चोक), गुम्बा (मन्ज्याङ्ग), हिले टक्सार, कालिका मन्दिर(अर्चलबोट) र मनास्लु हिमालको मनोरम दृश्य पनि देख्न पाइन्छ ।

**नदीनाला तथा तालपोखरीः** यस गाउँपालिकाको मुख्य आकर्षण दोर्दी खोला रहेको छ । त्यसवाहेक गाउँपालिकामा चामे पोखरी, चोङ्गरे पोखरी, दामराङ् पोखरी, दुध पोखरी, इलिम पोखरी र मेमे पोखरी रहेका छन् ।

यस गाउँपालिकामा रहेका  कला तथा संस्कृतिका जगेर्ना गर्दै यहाँको प्राकृतिक र पर्यटकीय आर्कषणलाई व्यवस्थित बनाउँदै आन्तरिक र बाह्य पर्यटनलाइ प्रोत्साहन गर्न सकिएको खण्डमा गाउँको पर्यटकीय विकास भई आर्थिक सवलतासँगै यस जिल्लाको एक पहिचानको रुप लिन सक्छ ।

## २.३ भौतिक पूर्वाधार

सडक पूर्वाधार विकासको मूल आधार हो । सडकको विकासविना अन्य विकासका आधारहरु स्थापित गर्न कठिन तथा खर्चिलो हुन्छ । गाउँको प्रभावकारी विकासका लागि पनि सडक संजाल अन्यन्त जरुरी हुन्छ । यस गाउँपालिकाका सबै वडा सडक संजालमा भने आवद्ध भइसकेका छन् तर पनि सडकको स्तरोन्नती गर्ने कार्य प्राथमिकतामा रहेको देखिन्छ । समग्रमा भन्नुपर्दा यसगाउँका सबै वडा कच्चि सडक संजालसंग जोडिसकिएको बर्तमान अवस्था छ । यस गाउँपालिकामा पनि सडक संञ्जालको विकासका लागि योजना तथा कार्यक्रमहरु निर्माण भइरहेका छन् तथा कतिपय कार्यक्रमहरु संचालन भइरहेको अवस्थामा छन् । दोर्दी गाउँपालिकामा हालसम्म प्रायः सबै जसो बाटो कच्ची नै रहेको छ । यस गाउँमा हालसम्म कुनै पनि बाटोहरु कालोपत्रे

भैसकेका छैनन् । जेहोस नयाँ गाउँको रुपमा भर्खर मात्र कार्य सम्हालेको यस गाउँमा पुर्वाधार निर्माणका विविध विषयहरुले प्रवेश पाउने कार्य जारी रहेको छ । तापनी योजनाहरुले कार्यान्वयको चरणमा पनि धेरै समय लिने गर्दछन् । जसले गर्दा योजनामा तोकिएका विषयहरुलाई चाडै कार्यान्वयमा ल्याउनुपर्ने चुनौती गाउँपालिका समक्ष रहेको छ ।

यस गाउँपालिकाका ३१४ हेक्टर क्षेत्रफलमा सिंचाईको सुविधा पुगेको छ । सिंचाईका लागि ढोडेनी कुलो १, एक्लेखेत सिंचाइ १, प्यादी खोला २, हाँडीखोला २, किसेदीको कुलो ३, ठूलोखोला कुलो ३, लामीडाँडा सिंचाइ ४ आदी स्रोतहरुको प्रयोग गरिएको छ ।

गाउँपालिकामा कुनै पनि पशु सेवा केन्द्रहरु, उपकेन्द्रहरु तथा कृषक समुह सञ्चालनमा छैनन् । गाउँपालिकाको आर्थिक क्रियाकलापमा आमा समुह लगायत विभिन्न १८ वटा समुहरु सक्रिय छन् । गाउँपालिकामा हुलाक सेवा केन्द्र ९, बसपार्क १, खेल मैदान ४, सार्वजनिक पाटी पौवा १५, झोलुंगे पुल २६, निर्माणाधिन तथा सम्पन्न गरेर हाइड्रो पावर १३ वटा रहेका छन् ।

सन् १९९० सालसम्म संचार माध्ययमहरु सिमित थिए । हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्याधिकमात्रमा बढ्दै गएको छ । यस गाउँपालिकामा एफ.एम स्टेसनहरु र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु काठमाडौंबाट नै सिधा प्रशारण हुन्छन् । गाउँ पालिकामा 3G Network नेपाल टेलिकम र एनसेल दुवैको उपलब्ध छ।

गाउँ प्रोफाइल तयार गर्न सञ्चालन गरिएको वडा सर्भेक्षणमा उल्लेख भई आए अनुसार गाउँपालिकाको कूल साक्षरता ९८ प्रतिशत छ। त्यसैले यस गाउँपालिकालाई पूर्ण साक्षर घोषणा गर्न सकिने छ ।

नयाँ गाउँपालिकाको रुपमा भर्खर मात्रै जिम्मेबारी सम्हालेको यस गाउँपालिकामा स्वास्थ्य सम्बन्धी धेरै कार्य गर्नुपर्ने आवश्यकता देखिन्छ । गाउँपालिकामा अर्चलवोट स्वास्थ्य केन्द्र, वन्सार, भर्ते, ढोडेनी, फलेनी हिलेटक्सार नौथर पाचोक श्रीभन्ज्याङ्ग स्वास्थ्य चौकी तथा स्वास्थ्य चौकीहरु रहेका छन् ।

यस गाउँपालिकामा अलैचे प्रा.वि., केदार प्रा.वि., लक्ष्मीनारायण मा.वि., मर्स्याङ्दी भूपू सैनिक इ.वो. शुक्र प्रा.वि., वन्सार विरेन्द्रशिला प्रा.वि., हिमालय प्रा.वि., जयदेवी मा.वि., कालिका प्रा.वि., फलेनी मा.वि., रामजीवन प्रा.वि.,भार्ते दिपेन्द्रज्योति प्रा.वि., इन्द्रपुरी प्रा.वि., जाल्पादेवि प्रा.वि., कर्मोदय प्रा.वि., कोपिला प्रा.वि., महादेव नि.मा.वि., नवप्रभात प्रा.वि., रत्नज्योति प्रा.वि., रत्न प्रा.वि., सरस्वतीमिलन प्रा.वि., सूर्योदय उ.मा.वि., ढोडेनी अमरज्योती नि.मा.वि., बालविकास प्रा.वि., वालकन्या प्रा.वि., भगवान नि.मा.वि., भुमेस्थान प्रा.वि., ढोडेनी नि.मा.वि., गणेश प्रा.वि., लक्ष्मीदेवी प्रा.वि., शशीप्रकाश प्रा.वि., सिद्ध प्रा.वि.फलेनी, अमरज्योति प्रा.वि., वालकल्याण मा.वि., हिमालचुली प्रा.वि., जीवनअमर नि.मा.वि., महेन्द्रज्योती प्रा.वि., हिलेटक्सार वराहामिलन नि.मा.वि., जनविकास प्रा.वि., लक्ष्मी प्रा.वि., लिलाज्योती प्रा.वि., नौथर चैतन्योदय प्रा.वि., चैतन्योदय सत्य मा.वि., जुनडाँडा प्रा.वि., मनकामना प्रा.वि., नवदुर्गा प्रा.वि., श्रीजनशिल नि.मा.वि., पाचोक वालकन्या प्रा.वि, विन्दवासिनी प्रा.वि., गणेशदेवी प्रा.वि., हिमालयन प्रा.वि., इलमदेवी प्रा.वि., मनहरी प्रा.वि., मण्डली प्रा.वि., पाचोक मा.वि., श्रीभन्ज्याङ भँगेरी प्रा.वि., कृष्णप्रमोद प्रा.वि., लक्ष्मी मा.वि., सरस्वतीमोहन नि.मा.वि. लगायत विद्यालयहरु रहेका छन् ।

## २.४ दोर्दी गाउँपालिकाको आर्थिक गतिविधि

यस गाउँपालिकाका आर्थिक केन्द्रका स्रोतहरु मुलतः जडिबुटी, पर्यटन, विद्युत र कृषि रहेका छन् ।

यहाँबाट विक्रिहुने उपरोक्त वस्तुहरु आन्तरिक तथा वाह्य बजारमा विक्रि हुने गर्दछन् । यस दोर्दी गाउँपालिकाको प्रमुख ब्यापारिक केन्द्रहरुमा अर्चलबोट, वन्सार, भार्ते, ढोडेनी, फलेनी, हिलेटक्सार, नौथर, पाचोक, श्रीभन्ज्याङ्ग हुन् भने बजार शेरा, उदीपुर, हिले बजार तथा नजिकका बजारहरुमा भोटे ओडार, सुन्दर बजार र बेशिसहर रहेका छन् । यी बजार पुग्न करीब १ देखि ४ घण्टा भन्दा बढी समय लाग्ने गर्दछ ।

वन पैदावरको हिसाबले यो धनी गाउँपालिका हो । गाउँपालिकाको धेरै जमिन वन जङ्गल, मिश्रित वन र झाडी बुट्यानले ओगटेको छ । यस गाउँपालिकामा सामुदायिक वन, कवुलियत वन तथा निजी वन रहेका छन् । यस हिसाबले गर्दा वन र वन पैदावरमा आधारीत उद्यम प्रवर्द्धनको सम्भावना बढी देखिन्छ ।

## २.६ रोजगारीको अवस्था

गाउँ उद्यम विकास रणनीतिक योजना तर्जुमा गोष्ठीका सहभागीबाट प्राप्त विवरण अनुसार यस गाउँपालिकामा रोजगारीको मुलस्रोत भनेको कृषि नै हो भने ज्याला मजदुरी, व्यापार, जागीरमा र बैदेशिक रोजगारीमा संलग्न छन् । रोजगारीकै शिलशिलामा यहाँका युवाहरु विदेसीने क्रम पनि प्रसस्तै छ । रोजगारीका लागि यहाँका युवाहरु खाडी मुलुक, मलेशिया, भारत, जापान, युरोप, कोरीया लगायत मुलुकहरुमा गएका छन् । बैदेशिक रोजगारीबाट प्राप्त रेमिटेन्सको उपयोगको अवस्थालाई हेर्दा घरघडेरी, दैनिक उपभोग, शिक्षा स्वास्थ्यमा, बिलासितामा, उद्यम, ब्यापार, ऋण तिर्न, उपयोग गर्ने गरको पाइन्छ भने केहीले बचत समेत गरेको पाईयो, जसलाई बढी भन्दा बढी उद्यम विकासमा उपयोग गर्न अति जरुरी छ ।

## २.६ उद्यम विकास सम्बन्धी सेवा प्रदायकहरु

यो दोर्दी गाउँपालिकामा कार्यरत सरोकारवालाहरु र संघसंस्थाहरु नक्साङ्कन, स्रोत तथा सेवाको विवरण :




**टेवल २ स्रोत तथा सेवा विवरण :**

| सि. नं | सरोकारवाला तथा संघसंस्थाको नाम | संख्या | उपलब्ध सेवा |
|---|---|---|---|
| १ | दोर्दी गाउँपालिका | १ | नीति नियमको व्यवस्था, बजेट व्यवस्था, समन्वय, व्यवस्थापन, कार्यान्वयन, सामाजिक परिचालन, उद्यम दर्ता तथा उद्यो प्रसाशन आदी |
| २ | प्रदेश सरकार | १ | नीति नियमको व्यवस्था, बजेट व्यवस्था तथा गाउँपालिकालाई सहजिकरण |
| ३ | केन्द्र सरकार | १ | आवश्यक बजेट व्यवस्था, नीति नियम, सशजिकरण |
| ४ | बैंक तथा वित्तिय संस्था | १ | बचत तथा ऋण लगानी |
| ५ | सहकारी ... | ३३ | बचत तथा ऋण लगानी |
| ६ | सामुदायिक वन (२९), कवुलियत वन (२५) निजी वन (५८) | ११२ | वन, आयआर्जन र ऋण |
| ७ | NGO/INGO तथा अन्य दातृ निकाय | | गरीवीनिवारण कार्यक्रम, बजेट |
| ८ | उद्योग वाणिज्य संघ | | उद्यमीहरुको हकमा पैरवी |

## खण्ड ३: स्रोत साधन तथा बजार सर्भेक्षण

### ३.१ बजारको अवस्था :

लघु उद्यमहरु सामान्यतया उद्यमीलाई बढी फाईदा र दीगोपनाको लागि उद्यमीहरूको माग, बजारको सम्भाव्यता र कच्चा पदार्थको उपलब्धता जस्ता ३ वटा महत्वपूर्ण पक्षको सन्तुलनलाई ध्यान दिएर कार्य गर्दछ । तसर्थ बजार भनेको उद्यमहरुको प्राण हो । स्रोत मात्र भएर पुग्दैन, सीप पनि चाहिन्छ र स्रोत र सीपले मात्र पुग्दैन बजारमा माग पनि चाहिन्छ । तसर्थ लघु उद्यमको विकासमा बजारको ठूलो भुमिका भएको हुँदा योजना तर्जुमा गोष्ठीबाट उपलब्ध सूचना तथा स्रोत सर्भेक्षणका आधारमा पायक पर्ने स्थानहरुको पहिचान गर्ने जमर्को गरेको छ ।

**टेवल ८: बजारको अवस्था**

| वडा नं | बजारहरुको नाम र ठाउँ | बजारमा पायक पर्ने बस्तिहरु | बजारमा पायक पर्ने जनसंख्या | बजार सम्मको दुरी | आयात हुने वस्तुहरु | निर्यात हुने वस्तुहरु | निर्यात हुने स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | भोटेओडार, सुन्दर बजार, बेशिसहर | वडाका सबै | २२०० | ०.३० देखि २ घन्टा | खाद्य सामाग्री, औषधि, बिषादी, निर्माण सामाग्री, कपडा, मलखाद दैनिक उपभोग्य सामान आदी | तरकारी, बाँस, कफी, अदुवा | बजार, भोटेओडार, सुन्दर बजार, बेशिसहर |
| २ | भोटेओडार, सुन्दर बजार, बेशिसहर | वडाका सबै | १६०० | ३० मीनेट देखि २ घन्टा | | धान, मकै, दुध, तरकारी, बाखा, बोका | |
| ३ | भोटेओडार, सुन्दर बजार, बेशिसहर उदीपुर शेरा | काल्लेबेसी, खत्रीगाउँ, राम्चे, बाक्लेगाउँ, थुम्की गाउँ, माझगाउँ, भुजेलगाउँ, भँगेरी, लामागाउँ, लामाबगर | १८०० | ३० मीनेट देखि १ घन्टा | | अदुवा, तरकारी, खसिबोका, राडीपाखी | |
| ४ | भोटेओडार, सुन्दर बजार, बेशिसहर उदीपुर शेरा | कुखुरेढुङ्गा, कामचोक, लामीडाँडा, साधीखोला, कवाडी, नयाँबस्ती, जिरेस्वारा, कुबलिङ, बासकोट | १७०० | ५ मीनेट देखि १ घन्टा | | तरकारी, धान, दुध, खसिबोका, कुखुरा | |
| ५ | भोटेओडार, सुन्दर बजार, | वारीगाउँ, उपल्लोपाचोक, | २४०० | ३० मीनेट | | जडिबुटी, खसी, भेडा, राडीपाखी, | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बेशिसहर उदीपुर शेरा | तल्लोपाचोक, स्यार्ले, पाचोकदोभान, वाकसरा, सिमरुङ, कैचे, फोरजुङ, ढोडेनेका सबै बस्तीहरु | | देखि १ घन्टा | | तरकारी, अलैंची | |
| ६ | भोटेओडार, सुन्दर बजार, बेशिसहर उदीपुर, हिलेबजार | वडाका सबै | २६०० | २ घन्टा | | जडिबुटी, अलैची, गाई, भैंसी, बाखा, भेडा | |
| ७ | भोटेओडार, सुन्दर बजार, बेशिसहर, उदीपुर, हिलेबजार | लव्सीबोट, फलेनी, माझखर्क, दुइघरे, सिङली, ढोडेनीका सबै बस्तीहरु | १४०० | | | अलैची, भैंसी, बाखा, भेडा | |
| ८ | भोटेओडार, सुन्दर बजार, बेशिसहर, उदीपुर, हिलेबजार | पुराने दुबार, दुबार, बन्सार, खिमचोक, धनुबास, पाँचस्वारा, टाप, खिमचोकबेसी, बल्छे | २५०० | | | चिया, अलैंची, कफि, च्याउ, भेडाबाखा, आलु | |
| ९ | भोटेओडार, सुन्दर बजार, बेशिसहर उदीपुर | वडाका सबै | १६०० | | | केरा, निगरो, अलैंची, आलु, भेडाबाखा, गोलभेडा | |

## ३.२ बजारिकरणका चुनौतीहरु:

गोष्ठीका सहभागिहरुको धारणा अनुसार हाल लघु उद्यमीहरुको ३० प्रतिशत जति सहजरुपमा बजारीकरण हुन सकेको छ भने बजारीकरणमा निम्न अनुसारका चुनौतीहरु रहेको पाइयो ।

- सुरक्षित भण्डारण तथा चिस्यान केन्द्र नभएका कारणले खासगरी फलफूल तथा तरकारीका उद्यमीहरुले सस्तो मूल्यमा आफ्नो उत्पादन विक्रि गर्नुपर्ने भएको हुँदा अपेक्षित लाभ प्राप्त गर्न नसकेको ।

- संकलन केन्द्रको अभावले स्थानीय उत्पादनलाई संकलन गरी थोकमा वजारमा पुर्याउन नसक्ने अवस्था भएकाले उद्यमी व्यवसायीहरुले टाढाका बजारमा आफ्नो उत्पादित सामग्री खासगरी फलफूल तथा तरकारी र जडिबुटी पुर्याउन नसक्नु तथा बजारमा लामो समय खर्च गर्नुपर्ने अवस्था ।
- हाटवजार नहुँदा सहजरुपमा आफ्नो उत्पादित सामग्रीहरु विक्रि गर्न नसक्नु ।
- बजार संस्थाहरु खासगरी सौगात गृह, कोशेलीघर तथा विक्रिकक्षको व्यवस्था नहुनु ।
- स्तरमा उत्पादित वस्तुको उपभोगमा आम उपभोक्ताको आकर्षण हुन नसक्नु ।
- उत्पादनको विषयमा प्रचार प्रसार हुन नसक्नु ।
- उत्पादनको लागि उचित विक्री कक्ष नहुनु ।
- कृषि व्यवसायको सन्दर्भमा मागमा आधारित उत्पादनमा विविधीकरण हुन नसक्नु ।
- सहज यातायातको पूर्वाधार नहुनु ।
- ब्यावसायिक सोचका साथ उत्पादन नहुनु र उत्पादित वस्तुहरुको गुणस्तरले अन्य उस्तै सामानसँग प्रतिस्पर्धा गर्न नसक्नु ।
- उत्पादित बस्तुहरुको लेबलिङ्ग र प्याकेजिङ्गको उचित व्यवस्था गर्न नसक्नु ।

## ३.३ स्रोत साधनको सम्भावना र सम्भाव्य उद्यम आँकलन

प्रायः लघु उद्यमहरु स्थानीय स्रोत साधन, सीप र बजार सम्भावनाका आधार स्थापना हुने भएका हुँदा दोर्दी गाउँपालिका भित्र के कति कुन प्रकारका स्रोत साधन उपलब्ध हुन सक्दछन् र  तहमा के कस्ता सीपहरु उपलब्ध छन् र बजार लगायत अन्य सम्भावनाहरु के छन् भनी पहिचान गर्नु यो स्रोत साधन सर्भेक्षणको मूल उद्देश्य हो ।  यसका निहित उद्देश्यहरु निम्न अनुसार छन् :

- छरिएर रहेका कृषि, वनपैदावार, पशु तथा धार्मिक तथा पर्यटकीय क्षेत्र जस्ता ब्यवसायिक रुपमा उपलब्ध हुने स्रोत तथा साधनहरुको लिष्ट तयार गर्ने जसका आधारमा नयाँ उद्यमहरु स्थपनाका लागि आधार तयार होस् ।
- दुरदराजमा अवसरको पर्खाईमा रहेका शिल्पीहरुको पहिचान गर्ने जसबाट आगामी दिनमा लघु उद्यमी स्थापनामा यिनिहरुलाई समेट्न सकियोस् ।
- बजार सर्भेक्षणबाट स्थानीय तहको आर्थिक गतिविधिहरुको आँकलन गर्ने जसबाट लघु उद्यमीहरुको उत्पादनको बजारमा स्थान सुनिश्चित गर्न सहयोग पुगोस् ।

नेपालका अधिकांस गाउँका जनताको जीविकोपार्जको मूल स्रोत कृषि हो तर निर्वाहमुखि कृषि प्रणालीबाट गरीव तथा विपन्न वर्गको जिविकोपार्जनमा थप चुनौती वन्दै गएको छ । तसर्थ यस्ता कृषकहरुलाई ब्यावसायिक कृषकको रुपमा रुपान्तरित गर्नु अनिवार्य भैसकेको छ । त्यसैगरी वन पैदावारमा आधारित स्रोत साधनलाई सुरक्षित दोहनका साथ दिगो उपयोग गरी वन तथा वातावरणको सही उपयोगबाट अधिकतम लाभ लिन सक्ने गरी यिनमा आधारित उद्यमहरुको विकास तथा परम्परागत सीप र प्रविधिलाई अधिकतम उपयोगको वातावरण तयार गरी यस क्षेत्रको जिविकोपार्जन लघु उद्यमको माध्यमबाट थप सहज वनाउनु पर्ने खाँचो छ । त्यसैगरी स्थानीय स्तरमा रहेका कतिपय पर्यटनको सम्भावना भएका हाम्रा प्राकृतिक तथा धार्मिक सम्पदाहरु ओझेलमा परी वा त्यसको उपयोगको सम्भावना पहिचान गर्न नसकी स्थानीयहरुले त्यसबाट लिन सक्ने फाईदा पनि लिन नसकिरहेको अवस्था छ । तसर्थ यस्ता सम्भावनाहरुलाई उजागर गर्नु पनि आवश्यक छ । यहि कारणले दोर्दी गाउँपालिकाको स्रोत साधन र बजारको सर्भेक्षण गर्नु परेको हो ।

लघु उद्यम भनेका ज्यादै सानो लगानीमा सञ्चालन गरिने उद्यमहरु हुन् जसमा सामान्यतया ज्यादै न्युन पूँजी भएका अति विपन्न वर्गका मानिसहरु या त परंम्रागत सीप र प्रविधिको उपयोग गरी या स्थानीय स्तरमा विकास गर्न सकिने सीपमा आधार भै बढी मात्रामा संलग्न हुन्छन् । यस्ता उद्यमहरु बाह्य स्रोत साधनमा आधार भएर सञ्चालन गर्न पूँजी, बजार, सीप तथा प्रविधिका आधारमा सम्भव हुँदैनन् ।

हाम्रो देशमा स्रोत साधनको अभाव भन्दा पनि भैरहेको स्रोत र साधनको पहिचान गर्न नसक्नु बढी समस्याको रुपमा देखिन्छ । लक्षित वर्गमा उद्यमशीलताको ज्ञानको अभावको अतिरिक्त छरिएर रहेका स्रोत तथा साधनलाई एकत्रित गरी लघु उद्यमहरुको स्थापनाबाट अति गरिव तथा गरिव वर्गमा रोजगारी श्रृजना तथा आय बृद्धिमा जोड दिने सोचाईमा आधारित विकासको आयामलाई हालसम्म खासै महत्वको रुपमा नहेरिएको अवस्था छ । तसर्थ स्थानीय स्तरमा स्रोत साधन भएर, मनमा उत्साह भएर तथा हातमा सीप भएर तथा सीप हासिल गर्ने सम्भावना भएर पनि आफ्नो रोजगारी श्रृजना गर्न नसकी युवा पुस्ता गाउँनै खाली गरी बिदेशिनु पर्ने

बाध्यताको अवस्था छ । तसर्थ स्थानीय स्रोत साधन भनेको लघु उद्यमहरुको आधार भएको हुँदा दोर्दी गाउँपालिकामा लघु उद्यमीको विकास गर्न यो स्रोत साधन सर्भेक्षण अति आवश्यक पर्न गएको हो ।

योजना तर्जुमा गोष्ठीबाट उपलब्ध सूचना तथा स्रोत सर्भेक्षणका आधारमा संक्षिप्तरुपमा हेर्दा यस गाउँपालिकाका सम्पूर्ण वडाहरुमा कृषि, पशु र वन पैदावरमा आधारित कच्चा पदार्थहरू र पर्यटकीय स्थल तथा उपलब्ध सीप र प्रविधि निम्न टेबलमा देखाईए अनुसार भएको पाईयो ।

**टेवल ९: स्रोत साधनको सम्भावना र सम्भाव्य उद्यम आँकलन**

**९.१ कृषि पैदावार मा आधारित स्रोत साधनको सम्भावना र सम्भाव्य उद्यम आँकलन**

| वडानं | स्रोत साधनको विवरण | स्थान र बस्तीहरु | श्रृजना गर्न सकिने सम्भाव्य उद्यमहरु | सम्भावित संख्या |
|---|---|---|---|---|
| १ | उपयुक्त जमिन, हावापानी | | ब्यावसायिक कफि खेती | १५ |
| | | | ब्यावसायिक आलुखेती | १५ |
| | | | ब्यावसायिक आलैची खेती | १५ |
| | | | ब्यावसायिक तरकारी खेती | १० |
| २ | उपयुक्त जमिन, हावापानी | | ब्यावसायिक तरकारी खेती | १५ |
| | | | धानको बीउ उत्पादन | ५० |
| | | | ब्यावसायिक माछापालन | १५ |
| | | | हलेदो बेसार खेती | ५० |
| | | | ब्यावसायिक तोरी खेती | ५० |
| ३ | उपयुक्त जमिन, हावापानी | | अलैची खेती | ४० |
| | | | ब्यावसायिक मकै खेती | ३० |
| | | | ब्यावसायिक आलुखेती | १२ |
| | | | अदुवा हलेदो बेसार खेती | ३० |
| | | | ब्यावसायिक धान खेती | ५० |
| | | | ब्यावसायिक कोदो खेती | २५ |
| | | | ब्यावसायिक माछापालन | ४ |
| ४ | उपयुक्त जमिन, हावापानी, पोखरी | | बेमौसमी तरकारी खेती | ४ |
| | | | ब्यावसायिक आलुखेती | २० |
| | | | अलैची खेती | ५० |
| | | | ब्यावसायिक खोर्सानी खेती | ३० |
| | | | ब्यावसायिक गोलभेडा खेती | २० |

| | | | | |
|---|---|---|---|---|
| | | | मह उत्पादन | २ |
| | | | रेशम खेती | १ |
| | | | मास खेती | १५० |
| | | | व्यावसायिक माछापालन | २५ |
| ५ | उपयुक्त जमिन, हावापानी | | व्यावसायिक कफि खेती | १५ |
| | | | व्यावसायिक आलुखेती | १५ |
| | | | अलैची खेती | १५ |
| | | | अदुवा खेती | १० |
| | | | मकैको बीउ उत्पादन | १० |
| | | | व्यावसायिक माछापालन | ३ |
| ६ | उपयुक्त जमिन, हावापानी | | व्यावसायिक कोदो खेती | २५ |
| | | | व्यावसायिक मकै खेती | २५ |
| | | | व्यावसायिक भटमास खेती | १० |
| | | | व्यावसायिक आलुखेती | १०० |
| | | | अलैची खेती | २०० |
| | | | व्यावसायिक तरकारी खेती | ८० |
| | | | व्यावसायिक माछापालन | ५ |
| ७ | उपयुक्त जमिन, हावापानी | | व्यावसायिक मकै खेती | १० |
| | | | व्यावसायिक कोदो खेती | २५ |
| | | | व्यावसायिक आलुखेती | २० |
| ८ | उपयुक्त जमिन, हावापानी | | व्यावसायिक आलुखेती | ३० |
| | | | व्यावसायिक चियाखेती | ४० |
| | | | व्यावसायिक कफि खेती | २० |
| | | | अलैची खेती | ३० |
| | | | व्यावसायिक तरकारी खेती | ४० |
| | | | अदुवा हलेदो बेसार खेती | २० |
| | | | व्यावसायिक माहुरीपालन | १० |
| ९ | उपयुक्त जमिन, हावापानी | | अलैची खेती | २५ |
| | | | व्यावसायिक आलुखेती | २० |
| | | | व्यावसायिक केराखेती | ५ |
| | | | व्यावसायिक गोलभेडा खेती | ५ |
| | | | मकैको बीउ उत्पादन | २० |
| | | | अदुवा बेसार खेती | २५ |

| | | | | |
|---|---|---|---|---|
| | | | ब्यावसायिक माहुरीपालन<br>ब्यावसायिक माछापालन | १०<br>५ |

## ९.२ पशु पैदावार मा आधारित स्रोत साधनको सम्भावना र सम्भाव्य उद्यम आँकलन

| वडानं | स्रोत साधनको विवरण | स्थान र बस्तीहरु | श्रृजना गर्न सकिने सम्भाव्य उद्यमहरु | सम्भावित संख्या |
|---|---|---|---|---|
| १ | बाखा, गाई, भैंसी, कुखुरा, घाँस | | ब्यावसायिक बाखापालन<br>ब्यावसायिक कुखुरापालन<br>ब्यावसायिक गाई, भैंसी पालन | १५<br>१५<br>३० |
| २ | भेडा बाखा, गाई, भैंसी, कुखुरा, बंगुर | | ब्यावसायिक बाखापालन<br>ब्यावसायिक बंगुरपालन<br>ब्यावसायिक कुखुरापालन<br>डेरीजन्य उद्योगमा संलग्न उद्यमी<br>मासुपसल, फ्रेसहाउस | ३०<br>१५<br>६०<br>५०<br>१० |
| ३ | भेडा बाखा, गाई, भैंसी, कुखुरा | | ब्यावसायिक कुखुरापालन<br>ब्यावसायिक गाई, भैंसी पालन<br>ब्यावसायिक बाखा, भेडा पालन<br>डेरीजन्य उद्योगमा संलग्न उद्यमी | २०<br>१५<br>४०<br>४० |
| ४ | भेडा बाखा, गाई, भैंसी, कुखुरा,उपयुक्त जमिन | | सामुहिक बाखापालन<br>उन्नत जातका गाई भैंसीपालन<br>ब्यावसायिक कुखुरापालन<br>दुग्ध संकलन केन्द्र | २<br>२<br>३<br>५ |
| ५ | भेडा बाखा, गाई, भैंसी, कुखुरा, चरन क्षेत्र, पानीको स्रोत, घाँसको स्रोत | | भेडा बाखापालन<br>गाई भैंसीपालन<br>राडीपाखीजन्य उद्योग<br>दुग्ध संकलन केन्द्र | २०<br>२०<br>२०<br>५ |
| ६ | भेडा बाखा, गाई, भैंसी, कुखुरा | | दुग्ध संकलन केन्द्र<br>मासुपसल, फ्रेसहाउस<br>राडीपाखीजन्य उद्योग<br>ब्यावसायिक भेडा बाखापालन | १<br>५०<br>४०<br>६० |

| | | | | |
|---|---|---|---|---|
| ७ | भेडा बाखा, गाई, भैंसी, कुखुरा | | व्यावसायिक गाई, भैंसी पालन | २५ |
| | | | व्यावसायिक भेडा बाखापालन | १० |
| | | | व्यावसायिक कुखुरापालन | २० |
| ८ | भेडा बाखा, गाई, भैंसी, कुखुरा | | व्यावसायिक गाई, भैंसी पालन | ३५ |
| | | | व्यावसायिक कुखुरापालन | ३५ |
| | | | व्यावसायिक भेडा बाखापालन | ३० |
| | | | राडीपाखीजन्य उद्योग | ४० |
| | | | दुग्धजन्य उद्योग | ५० |
| ९ | भेडा बाखा, गाई, भैंसी, कुखुरा, माछा | | व्यावसायिक भेडा बाखापालन | १० |
| | | | व्यावसायिक गाई, भैंसी पालन | १० |
| | | | व्यावसायिक कुखुरापालन | १० |
| | | | राडीपाखीजन्य उद्योग | १५ |
| | | | मासुपसल, फ्रेसहाउस | २ |
| | | | दुग्धजन्य उद्योग | २ |

### ९३ वन पैदावार तथा खनिजमा आधारित स्रोत साधनको सम्भावना र सम्भाव्य उद्यम आँकलन

| वडानं | स्रोत साधनको विवरण | स्थान र बस्तीहरु | श्रृजना गर्न सकिने सम्भाव्य उद्यमहरु | सम्भावित संख्या |
|---|---|---|---|---|
| १ | सा. वन २, हर्रो बर्रो, अमला, टिमुर | | टिमुर अमला खेती | १० |
| | | | जडिबुटी संकलन तथा प्रशोधन | १ |
| २ | काठ, निगालो, बाँस, | | काठका कलात्मक सामग्री उत्पादन | १२ |
| | | | डोको, थुन्चे उत्पादन | १० |
| | | | फर्निचर उद्योग | १५ |
| | | | जडिबुटी संकलन तथा प्रशोधन | १ |
| | | | लोक्ता, अर्गेली, अल्लोजन्य उद्योग | ४ |
| ३ | सा. वन ५, साल, चिउरी, चिलाउने, कटुस, निगालो | | चीउरीको घिउ उत्पादन | १० |
| | | | सालको पातजन्य उद्यम | २५ |
| | | | फर्निचर उद्योग | १५ |
| | | | डोको, थुन्चे, भकारी उत्पादन | २० |
| ४ | सा. वन ७, साल, बाँस, | | बाँसजन्य उद्योग | २ |
| | | | फर्निचर उद्योग | २ |
| | | | अल्लो, लोक्ता प्रशोधन तथा उद्यम | १ |
| | | | जडिबुटी संकलन तथा प्रशोधन | १ |

| | | | | |
|---|---|---|---|---|
| ५ | सा. वन १, क. वन २, सतुवा, जटामसी, तितेपाती, लोठसल्ला, लोक्ता, अल्लो, सिस्नु, | | जडिबुटी संकलन तथा प्रशोधन | ५ |
| ६ | सा. वन २, क. वन २०, लोक्ता, चिराइतो, जेठामसी, निरमसी, सतुवा, वन लसुन, अल्लो, कुरिलो, श्री खण्ड, टिमुर, सिस्नु | | नेपाली कागज बनाउने उद्यम<br>जडिबुटी खेती, संकलन, प्रशोधन<br>सिस्नुको पाउडर उत्पादन<br>कुरिलो खेती | २<br>१<br>१<br>२ |
| ७ | सा. वन ३, क. वन २३ काठ, तितेपाती, चिराइतो, लोक्ता, सतुवा, लसुन, पाँचऔले, निरमासी, काउलो, कुरिलो, सिलाजित, टिमुर, सिलटिमुर, अमला | | जडिबुटी संकलन तथा प्रशोधन<br>फर्निचर उद्योग | ५०<br>५ |
| ८ | निजी वन ५५, सा. वन ३, तितेपाती, सतुवा, निरमसी, सिस्नु, लोक्ता, टिमुर, हर्रो, अमारो, अमला, चिउरी, साल, बाँस, चिलाउने, कटुस, उत्तीस | | फर्निचर उद्योग<br>सल्लाको पातको म्याट्रेस उत्पादन<br>जडिबुटी संकलन तथा प्रशोधन<br>बाँसजन्य उद्योग<br>चिउरीको घिउ उत्पादन | ५<br>१<br>३५<br>५<br>२ |
| ९ | सा. वन ६, निजी वन ३, टिमुर, सिस्नु, हर्रो बर्रो, अमला, गाईतिहारे, चिउरी, वोरी, सूर्यफुल, बाँस, निगालो | | बाँसजन्य उद्योग<br>चिउरीको घिउ उत्पादन<br>जडिबुटी संकलन तथा प्रशोधन | ५<br>२<br>३० |

## ९.४ विशेष शीप तथा सेवामा आधारित स्रोत साधनको सम्भावना र सम्भाव्य उद्यम आँकलन

| वडानं | स्रोत साधनको विवरण | स्थान र बस्तीहरु | श्रृजना गर्न सकिने सम्भाव्य उद्यमहरु | सम्भावित संख्या |
|---|---|---|---|---|
| १ | | | प्लम्विङ्ग | २० |
| | | | वाइरिङ्ग | २० |
| | | | इलेक्ट्रोनिक्स | ५ |
| | | | ड्राइभिङ्ग | १० |
| | | | सिलाई कटाई बुनाई | १५ |
| | | | मोबाइल टिभि मर्मत | १० |
| | | | सिकर्मी | २० |
| | | | डकर्मी | २० |
| २ | | | सिलाई कटाई बुनाई | २० |
| | | | टपरी उत्पादन | १० |
| | | | मोबाइल टिभि मर्मत | १० |
| | | | वाइरिङ्ग | १५ |
| | | | सिकर्मी | १० |
| | | | प्लम्विङ्ग | १० |
| ३ | | | इलेक्ट्रोनिक्स | १५ |
| | | | डकर्मी | १० |
| | | | सिकर्मी | १० |
| | | | दुग्धजन्य परिकार बनाउने तालिम | १० |
| ४ | | | वाइरिङ्ग | २० |
| | | | प्लम्विङ्ग | १० |
| | | | डकर्मी | १० |
| | | | सिकर्मी | १० |
| | | | दुग्धजन्य परिकार बनाउने तालिम | १० |
| ५ | | | डकर्मी | १० |
| | | | सिकर्मी | १० |
| | | | प्लम्विङ्ग | १० |
| | | | वाइरिङ्ग | १० |
| | | | मोटरसाइकल मर्मत | ५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | | | वाइरिङ्ग<br>मोबाइल टिभि मर्मत<br>मोटरसाइकल मर्मत<br>दुग्धजन्य परिकार बनाउने तालिम | १०<br>५<br>५<br>१५ |
| ७ | | | प्लम्विङ्ग<br>सिलाई कटाई | १५<br>१५ |
| ८ | | | प्लम्विङ्ग<br>वाइरिङ्ग<br>सिलाई कटाई<br>चाउमिन उद्योग<br>वर्कशप | १०<br>१०<br>१५<br>२<br>१ |
| ९ | | | सिलाई कटाई<br>ब्युटीपार्लर<br>मैन बत्ती उत्पादन<br>धुप उत्पादन | १५<br>१०<br>१०<br>५ |

## ९.५ धार्मिक तथा पर्यटकीय स्थलमा आधारित स्रोत साधनको सम्भावना र सम्भाव्य उद्यम आँकलन

| वडानं | स्रोत साधनको विवरण | स्थान र बस्तीहरु | श्रृजना गर्न सकिने सम्भाव्य उद्यमहरु | सम्भावित संख्या |
|---|---|---|---|---|
| १ | रहनसहन भेषभुषा | | होम स्टे सञ्चालन<br>खाजानास्ता पसल | १०<br>२ |
| २ | कालिका मन्दिर, पदमार्ग | | होम स्टे सञ्चालन<br>पूजा सामग्री पसल<br>पर्यटन ब्यवसाय | ५<br>१<br>१ |
| ३ | गुम्बा, मौलाकोट, उत्तरपानीदेवी, देउराली, रहनसहन भेषभुषा | | होम स्टे सञ्चालन<br>पर्यटन ब्यवसाय | ५<br>२ |
| ४ | दोर्दीखोला हाइड्रो पावर, जुमडाँडा, लिपे, दुधपोखरी, मनकामना मन्दिर | | होम स्टे सञ्चालन<br>होटल सञ्चालन<br>भ्यू टावर<br>ट्रेकिङ्ग मार्ग निर्माण | १<br>१०<br>१<br>१ |

| | | | | |
|---|---|---|---|---|
| ५ | इलम पोखरी, जुमकोट, धार्मिक क्षेत्र, गुरुङ्ग भाषा, भेषभुषा, शिव मन्दिर, रितिरिवाज, गोरुजुरे डाँडा | | होम स्टे सञ्चालन<br>गुरुङ्ग संग्रहलय स्थापना<br>पार्क निर्माण | २०<br>१<br>१ |
| ६ | जुमडाँडा, चामे पोखरी, लिपेलेक | | होम स्टे सञ्चालन<br>होटल सञ्चालन<br>पर्यटन ब्यवसाय | १५<br>२०<br>१० |
| ७ | मिमि पोखरी, दुध पोखरी, जलकन्या मन्दिर, हिमाल दृश्यावलोकन | | होम स्टे सञ्चालन<br>होटल सञ्चालन<br>डुङ्गा सञ्चालन | १०<br>१०<br>२ |
| ८ | पारेदेबी मन्दिर, कालिका मन्दिर, चिया बगान, बाह्रपोखरी पदमार्ग | | होम स्टे सञ्चालन<br>पिकनिक स्पट, पार्क<br>पूजा सामग्री पसल<br>खाजानास्ता पसल | १०<br>१<br>२<br>५ |
| ९ | डाँडा, गुम्वा, दर्ख्युदेबी मन्दिर | | भ्यू टावर<br>पर्यटन ब्यवसाय<br>होटल सञ्चालन<br>पुष्प ब्यवसाय | १<br>५<br>४<br>२ |

## ३.४ उद्यम विकासका चुनौती तथा समस्या बिश्लेषण:

यस गाउँपालिकामा उद्यम विकासको लागि प्रशस्त सम्भावना छ र बिभिन्न सेवा प्रदायकहरुबाट उद्यम विकासका प्रयासहरु भैरहेका पनि छन् । यति हुँदाहुँदै पनि उद्यम विकासका लागि निम्न अनुसारका चुनौतिहरु तथा समस्याहरु देखिएका छन्:

### ३.४.१ चुनौतीहरु:

- ठूलठूला मेसिनबाट उत्पादन भएका सामाग्रीसँग प्रतिस्पर्धा गर्न गाह्रो भएको ।
- दातृ निकाय तथा गै.स.स.हरुले कार्यक्रम अनुसारका फरक फरक कार्यान्वयन गर्ने नीति रहेको छ जस्तै कृषि, पशु, वन, महिला बालबालिका, गरिवि निवारण कोष जस्ताका लक्षित समूह समान भएतापनि उनीहरुको उद्यम विकासमा गरिने गतिविधी फरक गरिएका छन् । जसरी मेडेप मोडलमा ६ वटा विभिन्न चरणमा व्यवसाय विकासमा सहयोग गरिन्छ भने कतिपयले एउटा दुईटा चरणमा मात्र सहयोग गर्ने गरिएको छ । यसले गर्दा एउटै किसिमको नतिजा भेटन नसकिएको ।
- लगानी मैत्री वातावरण नहुनु जस्तो सबैभन्दा गरिवलाई सबैभन्दा चर्को ब्याज, संस्थागत खरिदमा १० प्रतिशत महँगो भएतापनि स्थानीय उत्पादनलाई प्राथमिकता दिने प्रावधान हुँदाहुँदै पनि कार्यान्वयन नहुनु ।

- उद्यमीलाई नीतिगत प्रावधानकाबारेमा पूर्ण जानकारी नहुनु र उद्यमी त्यसप्रति सचेत नहुनु ।
- भएका स्रोत साधनलाई उद्यममैत्री नबनाइनु ।
- रेमिट्यान्सलाई उद्यमशील क्षेत्रमा प्रवाह नगर्ने ।
- अति गरिबको स्रोत साधनमा पहूँच बृद्धि सहज हुन नसक्नु ।
- साना व्यवसाय गर्न चाहनेले धितोको अभावमा ऋण नपाउने र पाएपनि चर्को व्याज तिर्नुपर्ने ।
- स्थानीय सीपलाई पहिचान र प्रोत्साहन गर्ने वातावरण नहुनु ।
- युवालाई व्यवसाय प्रति आकर्षित नगरिनु ।
- आवश्यक सूचनाको कमी, उपभोक्ता ज्ञानको कमी ।
- प्रशोधन र भण्डारणको समस्या ।
- उद्यमशिलताको ज्ञानको कमी ।
- अपर्याप्त सीप र अधुरो ज्ञान ।
- उद्यमशील संस्कारको कमीले गर्दा सहयोग छुटि सकेपछि ब्यावसायिक दिगोपना नहुनु ।
- लघुउद्यमीका उत्पादनको राम्रोसँग बजार व्यवस्था नहुनु र उद्यमीलाई बजारको बारेमा ज्ञानको कमी ।
- स्थानीय स्रोत र साधनमा आधारित उद्यम स्थापना नहुनु ।
- देखासिखीमा एकै प्रकारका उद्यम स्थापना गरिनु र फरक तरिकाले नसोच्नु ।
- उद्यम स्थापनाका लागि अप्ठ्यारा कानूनी प्रावधान ।
- परम्परागत सीपमा आधारित पेशा सम्मानित नहुनु र सो पेशालाई आधुनिकिकरण गर्नेतर्फ ध्यान नदिनु ।
- उद्यम विकासमा काम गर्ने सेवा प्रदायकहरु स्थायी नहुनु ।
- उद्यमीले उद्यमलाई निरन्तरता नदिनु ।
- गुणस्तरिय र प्रतिस्पर्धी उत्पादन नहुनु ।
- बजारको माग अनुसारको उत्पादन नहुनु ।
- मानिसमा उद्यमशीलता संस्कारको विकास नहुनु ।
- दक्ष जनशक्ति विदेश पलायन हुनु ।
- आवश्यक प्राविधिक सेवा उपलव्ध नहुनु ।
- नयाँ प्रविधि सहज रुपमा उपलब्ध नहुनु ।
- ढुवानीको समस्या ।

### ३.४.२ वित्तीय सेवा प्रदायकहरुः

यस दोर्दी गाउँपालिका अन्तरगत ३३ वटा सहकारी संस्थाहरु र १ वटा बैंक रहेका छन् तापनि लघु उद्यमी हरुको सहज पहूँच बृद्धि गर्न थप प्रयास गर्नुपर्ने छ ।

### ३.४.३ समस्या बिश्लेषणः

टेवल १०: समस्या बिश्लेषण तालीका

| लघु उद्यम विकासका क्षेत्रमा देखिएका समस्याहरु | तत्कालिन असर | मूख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु | लिनुपर्ने मूख्य-मूख्य रणनीतिहरु |
|---|---|---|---|---|---|
| उद्यमशील संस्कार नहुँदा मानव स्रोत बिदेश पलायन | उर्जाशील जनशक्तिको अभाब | मानव स्रोत विदेश पलायन हुनु | रोजगारीको अभाव | रोजगारमूलक व्यवसाय प्रबर्द्धनमा जोड दिनुपर्ने | बजारमुखी तथा रोजगारमुखी व्यवसाय पहिचान गर्ने । |
| स्थानीय उत्पादनलाई प्राथमिकता नदिनु | स्थानीय उत्पादनको विक्री कम हुनु | गुणस्तरमा प्रतिस्पर्धी वन्न नसक्नु | व्यावसायिक सीपमा कमी | व्यवसायीहरुको सीप विकास गर्नुपर्ने | स्थानीय उत्पादनको बजार प्रबर्द्धनमा जोड दिने र सरकारी, गैह्र सरकारी संस्थाहरुले अनिबार्य रुपमा १० प्रतिशत सम्म महँगो भएपनि स्थानीय उत्पादन प्रयोग गर्न पैरवि गर्ने । |
| अरु उत्पादकहरु सँग प्रतिस्पर्धा गर्न नसक्नु | प्रतिस्पर्धाको बजारमा टिक्न नसक्नु | लगानीको तुलनामा उत्पादनको मात्रा कम भएकोले | प्रविधिको अपुग | प्रविधि विकास | उपयुक्त प्रविधिको आवश्यकता बारे अध्ययन गरी प्रविधि भित्र्याउन जोड दिने |
| मूल्य श्रृंखलाका हरेक तहमा एउटै ब्यक्ति/समूह जिम्मेवार हुन खोज्नु | न्यून सफलता | क्षमता भन्दा बढि जिम्मेवारी | कम मुनाफा हुँदा अरुको ज्याला दिन नसक्नु | उत्पादनको मात्रा बृद्धि गरी मूल्य श्रृंखलाका ऋनय पक्ष सँगको सहकार्य बृद्धि गर्ने | उत्पादन क्षमताको अध्ययन गरी उत्पादन बृद्धिको आवश्यक रणनैतिक हस्तक्षेप गर्ने |
| व्यावसायिक अवसरको पहिचान तथा विश्लेषण नहुनु | बजारले नमागेको व्यवसाय शुरु भए | पर्याप्त बजार विश्लेषण नहुनु | व्यवसायीको बजार विश्लेषण सहितको व्यावसायिक | व्यवसाय शुरु गर्नु पूर्व देखि निरन्तर बजार विश्लेषण गर्नुपर्ने | बजार विश्लेषण बाट उपयुक्त देखिएका व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने |

| लघु उद्यम विकासका क्षेत्रमा देखिएका समस्याहरु | तत्कालिन असर | मूख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु | लिनुपर्ने मूख्य-मूख्य रणनीतिहरु |
|---|---|---|---|---|---|
| | | | योजना नहुनु | | |
| उत्पादन गुणस्तरीय नहुनु | विक्री भएन | प्रतिस्पर्धामा टिक्न नसक्नु | मूल्य र गुणस्तरको अनुपात नमिल्नु | गुणस्तर विकास र मूल्य निर्धारण बारे व्यवसायीलाई उचित परामर्श दिनुपर्छ | मूल्य गुणस्तर र बजारको अन्तर सम्वन्ध बारे अनुशिक्षण दिने । |
| गाउँ विकासमा भौतिक पूर्वाधार मात्र प्राथमिकतामा पर्नु र लघु उद्यम छाँयामा पर्नु | उद्यमीले पछाडी परेको महसुस गर्छन । | विकासे अफिसहरुको मनोगत धारणा | नीतिगत व्यवस्था बाध्यात्मक नहुनु | बजेटको निश्चित प्रतिशत लघु घरेलु तथा साना उद्यम प्रबर्द्धनमा लगाउने नीति हुनुपर्छ | संस्थागत उपयोगका लागि स्थानीय उत्पादनलाई प्राथमिकता दिन पैरवि गर्ने |
| उद्यम विकासका लागि उपयुक्त प्रविधि बारे जानकारी नहुनु, भित्रयाउन नसक्नु र प्रयोगमा ल्याउन नसक्नु | स्थानीय उत्पादन पछाडी परेको | लागत र गुणस्तर प्रतिस्पर्धी वन्न नसक्नु | पुरानो प्रविधि, प्रविधिको अल्पज्ञान र प्रविधिलाई कम महत्व दिने परिपाटी | बजारमा प्रतिस्पर्धा गर्न सक्ने गरी उत्पादन गर्ने प्रविधि भित्र्याउने | उपयुक्त र आवश्यक प्रविधिको पहिचान गरी भित्र्याउने |
| परम्परागत प्रबृति र चिन्तनबाट बाहिर निस्केर उद्यमी चिन्तन नहुनु | व्यवसाय धरासायी भए | घाटा भयो | उद्यमशील सीपको अभाव | उद्यमशीलताको विकास हुनुपर्ने | गाउँपालिका भित्र उद्यमशीलताको पैरवि व्यापक गर्ने |

| लघु उद्यम विकासका क्षेत्रमा देखिएका समस्याहरु | तत्कालिन असर | मूख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु | लिनुपर्ने मूख्य-मूख्य रणनीतिहरु |
|---|---|---|---|---|---|
| कृषिलाई व्यवसायीकरण गर्न नसक्नु | निर्वाहमुखी मात्र वन्न गयो | कृषिलाई उद्यमको रुपमा स्वीकार नगर्नु | अबको कृषि निर्वाहमुखी नभई देशको सबैभन्दा ठूलो उद्यम हो र करिब ८०% कृषक यसका मालिक हुन् भन्ने रणनैतिक अभाव | कृषि उद्यम विकास कार्यक्रम लागू गर्नुपर्छ | उद्यमी विकास पाठ्यक्रममा कृषि उद्यम विकास पाठ्यक्रमलाई पनि समायोजन गरेर लैजाने । |
| बजारीकरणको संजालमा आउन नसक्नु | बाहिरी बजारमा पहूँच भएन | संजालमा पहूँच नहुनु | त्यसको न्यूनतम ज्ञान नहुनु | बजार संजाल सँग सम्पर्क सूत्रको काम गर्नुपर्ने | स्थानीय उत्पादनलाई बाहिरी बजारको संजालमा आबद्ध गर्दै लैजाने |
| लघु उद्यममा गुणस्तर र निरन्तरता भन्दा पनि संख्यालाई मात्र ध्यान दिनु | खुलेका उद्योगहरु पनि वन्द भए | संख्यात्मक प्रगतिलाई ठूलो मान्ने प्रबृति | कार्यक्रमका उद्देश्यहरु पनि संख्या केन्द्रित भएर | संख्या भन्दा गुणस्तर र आयस्तर बृद्धि केन्द्रित उद्देश्य र कार्यक्रमहरु हुनुपर्ने | उद्यमहरुको स्तर अध्ययन गरी गुण्स्तर बृद्धिको लागि विशेष जोड दिने |

# खण्ड - ४ आगामी ५ बर्षको रणनीतिक योजना

## ४.१ पृष्ठभूमि

विकासोन्मुख मुलुक नेपालको आर्थिक विकासका लागि उल्लेखनीय योगदान पुऱ्याउन सक्ने सम्भाव्यता रहेका नेपाली उद्योगहरूको विकास र प्रवर्द्धन आजको अपरिहार्य आवश्यकता हो । नेपाल सरकारको तेह्रौं योजना ( आर्थिक वर्ष २०७०/७१-२०७२/७३) ले पनि वि.सं. २०७९ (सन् २०२२) भित्र नेपाललाई अल्प विकसित मुलुक बाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने दीर्घकालीन सोच राखी देशमा व्याप्त आर्थिक तथा मानवीय गरिबी घटाई आम जनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने उद्देश्य लिएको छ । यसका लागि निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउने खालका वस्तुहरूको देशभित्रै गुणस्तरीय उत्पादन गर्ने एवम् रोजगारी प्रदान गर्नसक्ने उद्योगहरूको अझ विकास एवम् स्तरोन्नती गर्नु अपरिहार्य छ । यस्तो अवस्थामा आयात प्रतिस्थापन गर्नसक्नेमा लघु, घरेलु तथा साना उद्यमहरू अग्रपङ्क्तिमा रहेका छन् ।

तसर्थ लघु उद्यमको माध्यमद्वारा न्यून आय भएका गरिव परिवारहरूको आय वृद्धि गरी उनीहरूको जीवनस्तरमा सुधार ल्याउने लक्ष्यका साथ संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा नेपाल सरकारले सन् १९९८ देखि नेपालका १० जिल्लाहरूबाट सुरु गरी हाल ३८ जिल्लामा पुऱ्याएको लघु उद्यम विकास कार्यक्रम जनताको आर्थिक सम्बृद्धिमा उपयोगी हुने बिगतका अनुभवले पुष्टी गरेको छ । हाल यस कार्यक्रमलाई अष्ट्रेलियन एडको सहयोग प्राप्त छ ।

स्रोत सम्भाव्यता अध्ययन, सामाजिक परिचालन, उद्यमशिलताको विकास, प्राविधिक सीप, लघु कर्जामा पहुँच, बजारीकरण, उपयुक्त प्रविधि, वस्तु विविधीकरण, गुणस्तर नियन्त्रण एवं आवश्यक व्यावसायिक परामर्शजस्ता क्षेत्रहरु समेटिएको यस अवधारणालाई एकीकृत लघु उद्यम विकासको मोडेल (मेड मोडेल) भनिएको छ । यस कार्यक्रमको सफलता पश्चात नेपाल सरकारले गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) को रुपमा आ.व. २०६६/६७ देखि आन्तरिकीकरण गरी चालु आ.व. ०७४/७५ मा ७७ वटै जिल्लाका ५३७ स्थानीय तहमा कार्यक्रम सञ्चालन भईरहेको छ । यसैअनुरुप तत्कालिन केही गाउँपालिका/गाविसहरुले गाउँ उद्यम विकास योजना तर्जुमा कार्यान्वयन कार्यविधि तथा सञ्चालन निर्देशिका, २०६७ अनुसार आफ्नो आवधिक गाउँ उद्यम विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेका छन् ।

स्थानीयस्तरमा स्थापना भै सञ्चालनमा रहेका लघु उद्यम तथा उद्यमीहरु सफल देखिएका, यसबाट स्थानीयस्तरमा रोजगारीको अवसर श्रृजना भएको, स्थानीय स्रोत साधनको समुचित उपयोग भएको र गरीवी न्यूनीकरणमा सहयोगी रहेको हुँदा लघु उद्यम विकास मोडललाई  स्थानीय निकायहरुले आन्तरिकरण गरिरहेका छन् । उद्यम विकास रणनीतिक योजना तर्जुमा र कार्यान्वयनबाट यस पद्धतिलाई अझ व्यावहारिक र नतिजामुखी गराई स्थानीयस्तरमा थप रोजगारी र आम्दानी बृद्धि गर्ने विषयहरु जिल्लाको प्राथमिकतामा रहेका छन् । यसरी सिकिएको अनुभवलाई संस्थागत गरी स्थानीय विकास प्रक्रियाको मूल प्रवाहीकरणमा ल्याउन आवश्यक देखिएको छ । यसै अवधारणा बमोजिम स्थानीयतहमा लघु, घरेलु तथा साना उद्यम विकास गर्न स्थानीय तहको  अगुवाइमा उद्यम विकास रणनीतिक योजना तर्जुमा गर्ने कार्य प्रारम्भ भएको छ ।

## ४.२ उद्यम विकास सम्बन्धी मूख्य सिद्धान्त तथा अवधारणा :(Key Principles and Approaches):

नेपाल सरकारको चाहना बमोजिम विभिन्न विकास साझेदार संस्थाहरुको आर्थिक सहयोगमा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपि) को आर्थिक तथा प्राविधिक सहयोगमा लघु उद्यम विकास कार्यक्रम मेडेप) कार्यान्वयन भएको हो । सन् १९९८ मा शुरु भएको यो एकिकृत सेवा सहितको कार्यक्रमको नेपाल सरकारले गरिबी निवारण्का लागी लघु उद्यम विकास कार्यकमका (मेडपा) रुपमा आन्तरिककिकरण गरी सकेपछि ककशः ७७ जिल्लामा मेडपाको रुपमा कार्यान्वयन हुने कममा छ ।

यसरी मेडेपबाट आन्तरिकिकरण गराउँदै मेडपाको ५ वर्षे रणनीतिक योजना (प्रथम) ले हासिल गरेका सफलतासँगै यसलाई निरन्तरता दिई आगामी ५ वर्ष भित्रमा देशका सबै स्थानीय तहमा कार्यान्वयन गर्नका लागि मेडपा ५ वर्षे रणनीतिक योजना (२०७५/७६- २०७९/८०) दोस्रो प्रस्ताव गरेको छ । मेडपा ५ वर्षे रणनीतिक योजना प्रथमको सिद्धान्त र अवधारणामा स्थापित यस दोस्रो रणनीतिक योजनाले करिब एक लाख लघु उद्यमी सिर्जना गर्ने, एक लाख पचास हजार लघु उद्यमीहरुको स्तरोन्नती गर्ने, अति गरिव परिबारका लागि १,१०० वटा साझा सुविधा केन्द्र स्थापना गर्ने, उद्यमीहरुको बजार सम्वन्ध विकास गर्ने तथा मेडपाका सरोकारवालाहरु विशेषगरी केन्द्र, प्रदेश र स्थानीय तहका जनप्रतिनिधीहरु, कर्मचारीहरु, उद्यमी संघहरु, व्यवसाय सेवा प्रदायक संस्थाहरुको क्षमता अभिवृद्धि गर्नुका साथै मेडपाका लागि तीनै तहमा संस्थागत क्षमता विकास गर्नु रहेको छ । यस रणनीतिक योजनाको कार्यान्वयनबाट कम्तीमा एक लाख पैतालिस हजार जनाले प्रत्यक्ष रोजगार पाउने तथा करिब ६५ हजार घर परिवार गरिवीको रेखा माथि आउने अनुमान गरिएको छ । यस योजना कार्यान्वयनका लागि कुल अनुमानित बजेट रु ११ अरव २ करोड ८० लाख छ जसको केहि अंश प्रदेश र स्थानीय तहबाट प्राप्त हुने अनुमान गरिएको छ । यसले निम्न सिध्दान्त तथा अवधारणहरु अंगिकार गरेको छः

४.२.१ गरिवीको रेखामुनि रहेकालाई लक्षित गर्नु (Targeting People Living below Poverty Line) मेडपा एक लक्षित कार्यक्रम हो र यसले गरिवीको रेखामुनी रहेका वर्गको मागहरुलाई सम्बोधन गर्दछ । यस कार्यक्रमले अति विपन्न वर्ग, महिला, दलित, आदिवासी जनजातिलाई लक्ष गरी दुर्गम तथा सेवाको पहुँच कम पुगेका क्षेत्रहरुमा उद्यम विकासका कार्यक्रमहरु कार्यान्वयन गर्दछ । मेडपाले नेपाल सरकारको गरिवी निवारण रणनीति अनुसार कार्यहरु गर्दै सिमान्तकृत तथा गरिवोन्मुख वर्गका लागि लक्षित कार्यक्रमहरु कार्यान्वयन गर्दछ । मेडपाले दिगो विकास लक्षको अति गरिवी र भोक निराकरण, महिला सशक्तिकरण, समावेशी विकास आदि क्षेत्रमा प्रत्यक्ष योगदान पुर्याउँदछ । नेपाल सरकारको गरिवलाई पहिचान गर्ने विशेष अभियान अन्तर्गत गरिव परिचय-पत्र वितरण भएपछि मेडपाको लक्षित वर्ग पहिचान गर्न अझ सहज वातावरण बन्नेछ र यस कार्यक्रमका लक्षित वर्गहरुमा त्यस्ता परिचय- पत्र बाहकलाई समेट्न सकिनेछ ।

४.२.२ रोजगारी सिर्जनाः (Employment Generation)

मेडपाको एक प्रमुख उद्देश्य रोजगार सिर्जना गर्नु हो । ग्रामीण इलाकाहरुमा मूल्य अभिवृद्धिका लागि उच्च सम्भावना भएका लघु उद्यमहरुको प्रवर्द्धन गरेर मेडपाले स्वरोजगार लगायत बढ्दो मात्रामा प्रत्यक्ष र अप्रत्यक्ष रोजगार सिर्जनामा जोड दिन्छ । क्षमता अनुसारको सिप तथा सो अनुसारको व्यवसाय शुरु गर्नमा सहयोग उपलब्ध गराउनमा यस कार्यक्रमले जोड दिएको छ ।

### ४.२.३ स्थानीय स्रोतहरुको उपयोग (Local Resource Utilization)

लघु उद्यममा आधारित वस्तु र सेवाहरुको विकास र प्रवर्द्धनका लागि बजारको माग र सम्भाव्य स्रोतहरुको पर्याप्त जानकारीका आधारमा स्थानीय तहहरुको छनौट गरी कार्यक्रमको शुरुवात गरिन्छ । उद्यमहरुको सफलता स्थानीय तुलनात्मक लाभलाई बढी भन्दा बढी उपयोग गर्न सक्ने समुदायको क्षमताका आधारमा निर्भर गर्दछ । स्थानीयस्तरमा उपलब्ध स्रोतहरुको पहिचान र विश्लेषण गहन रुपमा गरिन्छ । लघु उद्यमहरुको विकास र प्रवर्द्धनका लागि बजार अवसरहरुलाई दृष्टिगत गरी मागमा आधारित नाफायोग्य उद्यमहरुको छनौटमार्फत दिगो व्यवसायको लागि सुनिश्चित हुने लक्ष कार्यक्रमले लिएको छ । यसले स्थानीय स्रोतमा नकारात्मक असर पार्नेतर्फ ध्यान दिनुका साथै सहभागीहरु बिच समतामूलक लाभ वितरण गर्दछ ।

स्थानीय स्रोत साधनको उपलब्धता, कच्चा पदार्थ, श्रम र मानिसको परम्परागत सिप सबै स्थानमा एक नासको हुनु पर्छ भन्ने छैन । तसर्थ उद्यमी तथा उद्यमको छनौट गर्दा यस्ता विशिष्ट सम्भाव्यता र अवसरहरुमा पर्याप्त ध्यान पुर्याउनु पर्छ । ग्रामीण बजार केन्द (Rural Market Center) हरु ग्रामीण उद्यमीकरणका लागि परम्परागत सम्भाव्य उद्यमका क्षेत्रका रुपमा छनौट गरिन्छन् । जिल्लामा ग्रामीण उद्यमशीलता विकासका लागि यस्ता प्रयत्नहरुले हौसला प्रदान गर्नुका साथै लघु उद्यम विकासका गतिविधिमा प्रत्यक्ष सहयोग पुर्याउछन् । न्यून उपयोग गरिएका वा पूर्णरुपमा उपेक्षा गरिएका प्राकृतिक स्रोतहरुमा आधारित भएर उद्यम खोल्न प्रोत्साहन गर्नु यस कार्यक्रमको रणनीति हुनेछ । प्रतिस्पर्धात्मक र तुलनात्मक लाभ भएका अर्ध तैयारी वा तैयारी उत्पादनहरु बढाएर मूल्य अभिबृद्धिको अवधारणालाई व्यवहारमा उतार्न सकिन्छ । प्रयोग नआएका वा खेर गैरहेका प्राकृतिक स्रोतहरुको उपयोग बढाउँदा रोजगारी तथा आय आर्जनका अवसरहरु प्रवर्द्धन हुन पुग्दछन् । यसले स्थानीय तहहरुलाई स्थानीय स्रोतको उपयोग बढाई राजश्व वृद्धिमा पनि सहयोग पुग्न सक्दछ ।

### ४.२.४ समावेशीकरणः (Inclusion)

असन्तुलित भौगोलिक विकास, गहिरोरुपमा जरा गाडेर बसेको आर्थिक-सामाजिक असमानता, राजनीतिक रुपमा बहिष्करणमा परेका समुदायहरुको उत्थानका लागि सार्थक प्रयत्नहरु गरिरहनु पर्छ । मेडपाले नीतिगत, संस्थागत र कार्यक्रमको तहमा लैगिंक र समावेशीकरणको सिद्धान्त अवलम्बन गरेको छ । यस अन्तर्गत प्रत्यक्ष रुपमा लक्षित गरिएका समूहहरु महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम, अपांगता भएका व्यक्तिहरु र अन्य पछि परेका विशेषतः विपन्न वर्ग पर्दछन् ।

### ४.२.५ साझेदारी/सहकार्यको अवधारणाा (Collaborative Approach)

विभिन्न संघ संस्थाहरुले गरेको प्रयास तथा कार्यक्रमहरु बिच अझ बढि प्रभावकारी प्रतिफल हासिल गर्न मेडपाले विभिन्न सरकारी तथा स्थानीय तहहरु, निजीक्षेत्र, सहकारी तथा समुदायमा आधारित संघसंस्था, लघु उद्यमी समूहहरुको संघ तथा नागरिक समाजसँग सहकार्य तथा समन्वय गरी कार्य गर्नेछ । उद्यम विकास गतिविधिहरुमा उद्योग मन्त्रालयले विभिन्न सम्वद्ध मन्त्रालय तथा द्धिपक्षीय र बहुपक्षीय निकायहरुसँग समन्वयकारी भूमिका निर्वाह गर्नेछ । स्रोत परिचालनलाई प्रभावकारी बनाउनका लागि पर्यटन, कृषि विकास, पशुपन्छि, वन तथा भूसंरक्षण मन्त्रालयहरुबिच सहकार्यात्मक रणनीतिहरु अवलम्बन गरिनेछन् । प्रदेश तथा स्थानीय तहमा समेत लघु उद्यम विकासमा सहयोग गर्ने संस्थाहरुबिच प्रभावकारी सञ्जाल तैयार गरिनेछ ।

४.२.६ सम्भाव्य बजार र मागका आधारमा निर्देशित अवधारणा (Need- Based, Market Potential and Demand- Driven Approach)

लघु उद्यमीहरुलाई बढी भन्दा बढी लाभ प्रदान गर्न मेडपाले उद्यम विकासका लागि उद्यमीहरुको माग, बजार सम्भाव्यता, कच्चा पदार्थमा आधारित रहेर निम्न तिन पक्षहरुलाई ध्यान दिएर कार्य गर्दछ :




४.२.७ एकीकृत अवधारणा (Integrated Approach)

कार्यक्रमको प्रभावकारी कार्यान्वयनको सुनिश्चिततताका लागि एकीकृत अवधारणा अनुरुप कार्य गरिनेछ । यस अवधारणा अन्तर्गत विगतको अनुभवबाट प्रमाणित भैसकेका प्रकृयाहरु जस्तै सामाजिक परिचालन, उद्यमशीलता विकास, सिपमुलक तालिम, लघु वित्तमा पहुँच, उपयुक्त प्रविधि, बजारीकरण, ब्यावसायिक परामर्श र लघु उद्यमको स्तरोन्नतिका साथै लघु उद्यम विकासका लागि नीतिगत वातावरण निर्माणमा निरन्तर जोड दिइनेछ । तलको चित्रमा देखाइएका चरणहरुको अनुसरणले लघु उद्यमहरुले ६ चरण पार गर्दै स्तरोन्नती गर्दछन् ।

एकीकृत अवधारणाका चरण निम्न अनुसार छन् ।




उद्यम विकास कार्यक्रममा लक्षित वर्गलाई तालिम मात्र दिइदैन, अन्त्यमा उनीहरुलाई नै उद्यमी बनाईन्छ र समुदाय/वस्तिहरूमा उद्यमशीलता संस्कारको विकास गर्दछ ।

### ४.२.८ क्षमता विकास (Capcity Development)

मानव पूँजी मेडपाको मूख्य चासो हो । यस कार्यक्रममा लघु उद्यमी तथा लघु उद्यम विकाससँग सम्बन्धित कार्यान्वयन गर्ने निकायहरुको क्षमता विकासमा ध्यान दिइनेछ । यसका लागि मेडपाले निम्न क्षेत्रहरुमा सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्नेछ :

क) लघु उद्यममा संलग्न बहुसरोकारवाला सहभागीहरुसँगै रहेर गर्ने नीति विकास र अनुगमन प्रकृया,

ख) राष्ट्रिय स्तरमा लघु उद्यम विकास र सरोकारवालाहरुबिच समन्वय र सहकार्य,

ग) उद्यम विकास सहजकर्ताहरु जस्ता स्थानीय दक्ष जनशक्ति पर्याप्त मात्रामा तैयार गर्नका लागि सहकार्यका प्रयासहरु,

घ) लैगिंक एवं सामाजिक समावेशीमा आधारित नतीजामुखी कार्यक्रम व्यवस्थापन, अनुगमन र मूल्याकंन,

ङ) एकीकृत गरिवोन्मुख र समावेशी लघु उद्यम रणनीतिको विकास,

च) गरिवमुखी सार्जजनिक निजी साझेदारी विकास, उपकरार र व्यवस्थापन,

छ) उद्यमीहरुको नेतृत्वदायी क्षमताको विकास,

ज) प्रदेश र स्थानीय तहमा क्षमता विकास,

झ) नयाँ उद्यम विकास सहजकर्ता तैयार गर्ने /हायर गर्ने र गर्न सम्वन्धित संस्थाहरुसँग सहकार्य गर्ने ।

ञ) कार्यक्रमहरुलाई नयाँ राजनैतिक परिप्रेक्षमा सशक्त रुपमा कार्यान्वयन गर्न सम्बन्धित सबै सरोकारवाला जस्तै राजनैतिक नेतृत्व, सहजकर्ता, केन्द्र, प्रदेश तथा स्थानीय तहका सरकारी कर्मचारी, लघु उद्यमी महासंघ तथा जिल्ला संघहरु (MEGA, DMEGA, PMEGA, NMEFEN), व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु (BDSPOs) को क्षमता विकास गर्ने ।

मेडपाका गतिविधिहरु स्थानीय ब्यावसायिक संस्था तथा संगठनहरुलाई प्रवर्द्धन गर्दै लघु उद्यम तथा रोजगारीका अवसरहरु प्रति केन्द्रित हुनेछन् । स्थानीय तहमा क्षमता विकासका लागि

(क) स्थानीय उद्यम विकास समिति सक्रिय हुनुका साथै यस समितिका सदस्यहरुले पारस्पारिक उत्तरदायित्व निर्वाह गर्नेछन् ।

(ख) गरिवोन्मुख तथा समावेशी लघु उद्यम विकास रणनीतिलाई प्रदेश तथा स्थानीय तहको सन्दर्भ र सम्भाव्यताका आधारमा विकास गरिनेछ ।

(ग) संस्थागत सिकाईका लागि लघु उद्यम विकास रणनीति, योजना तथा गतिविधिलाई अनुगमन तथा मूल्याकंनमा जोड दिईनेछ ।

(घ) लघु उद्यम विकासका लागि गरिवोन्मुख सार्वजनिक निजी साझेदारी, उपकरार र लगानीका गतिविधिहरुमा मार्गदर्शन र अनुगमन गरिनेछ ।

(ङ) लैंगिक तथा सामाजिक समावेशीकरण, समता र दिगो विकासमा जोड दिईनेछ ।

### ४.२.९ पारदर्शिता एवं जवाफदेहिता (Transparency and Accountablilty)

स्थानीय स्तरमा कार्यक्रमका प्राप्त उपलब्धिहरुलाई ध्यान दिएर दुर्गम क्षेत्रमा पुगी कार्यहरु गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थाहरुका साथै सबै सरोकारवालाहरुबिच समन्वय, निर्णय गर्ने प्रकृया, बजेट, सञ्चालन र यसका नीतिगत पक्षहरुमा मेडपालै पारदर्शिता कायम गर्नेछ । पारदर्शिताका लागि कार्यक्रम तर्जुमा देखि कार्यान्वयन र मूल्याकंनसम्मका हरेक चरणमा सक्रिय र अर्थपूर्ण सहभागितामा जोड दिईनेछ । आपसी छलफल तथा अन्तरक्रियालाई घनिभुत बनाउँदै जाँदा कार्यक्रममा जवाफदेहिता पनि स्थापित हुनेछ । सरोकार पक्षहरु मुलतः स्थानीय तहको वस्तीस्तरदेखिका वर्गहरुको सहभागिताले योजना तर्जुमा प्रकृयालाई लक्षित वर्गसम्मको पहुँचमा पुर्याउनेछ ।

४.२.१० गरिवोन्मुख सार्वजनिक निजी साझेदारी (Pro-Poor Public Private Partnership - 5 Ps)

उद्यम सिर्जना र उद्यमशीलता विकास भन्नाले केवल रोजगार प्रबर्द्धन र गरिवी निवारणका रणनीतिहरुमात्र नभएर  निजी क्षेत्रको विकासलाई समेत बुझ्नु पर्दछ । विविध क्रियाकलापहरुको दिगो विकास मार्फत गरिवी निवारण र निजी क्षेत्रसितको समन्वयलाई प्रवर्द्धन गर्न भरपर्दो र दिगो प्रयास हुन अति आवश्यक छ । यसले पुन : खरिदको सुनिश्चितता (Buy back guarantee) गर्ने व्यवस्थाका लागि उपयुक्त संरचना प्रदान गर्नेछ । अग्र-पृष्ठ सम्बन्ध र संलग्नता बढाउँदा उच्च मूल्य श्रृंखलाका गतिविधिहरु बृद्धि हुदै जानेछन् । निजी क्षेत्रसँगको सम्बन्ध बृद्धिले बजारीकरण तथा वित्तिय सुविधासँगको पहुँचमा समेत सुधार हुने अपेक्षा गर्न सकिन्छ । उपकरार नीतिले लघु उद्यम र ठूला उद्योग बिच व्यापारिक गतिविधि र सम्बन्धलाई थप मजबुत बनाउन योगदान गर्नेछ ।

मेडपालाई गरिव तथा बहिष्कृतहरुको पहुँच बृद्धि गर्दै सार्वजनिक निजी साझेदारीमार्फत गरिवी घटाउने कार्यक्रमका रुपमा परिभाषित गरिएको छ । लघु उद्यम स्थापना, सञ्चालन र स्तरोन्नती गरेर त्यस्ता वर्गको उत्थानमा जुट्नु नै मेडपाको उद्देश्य हो । यसका लागि सामुदायिक संगठन तथा नागरिक समाजका संस्थाहरुको सिप तथा दक्षतालाई कार्यक्रममा उपयोग गर्न निरन्तर र दिगो सहकार्यलाई प्रवर्द्धन गर्दै लगिनेछ । यस्तो सहकार्यले नै सरकारी संयन्त्र तथा निजी क्षेत्रसँगको साझेदारीलाई मूर्तरुप दिनेछ । यसरी सरकारी संयन्त्र तथा निजी क्षेत्र दुबैले गरिवी न्यूनीकरण गर्ने प्रयत्नमा आइपर्ने जोखिमहरु वहन गर्दै जानेछन् ।

४.२.११ वातारणीय दिगोपन (Environmental Sustainability)

भौतिक वातावरण, जलवायु परिवर्तन सार्वजनिक स्वास्थ तथा संस्कृतिमाथि नकारात्मक प्रभाव पार्ने लघु उद्यमहरुलाई मेडपाले प्रवर्द्धन गर्दैन । व्यवसायका विभिन्न पक्षले वातावरणमा प्रतिकुल प्रभाव पार्न सक्छन्, जसलाई अगाडि नै सम्बोधन गर्न आवश्यक छ । लघु उद्यम विकासको उद्देश्य नै जीविकोपार्जनमा सुधार गर्नु रहेकोले वातावरणमा पार्ने दुष्प्रभावहरुलाई नकार्न नसक्ने उद्यमहरुलाई मेडपाले सहयोग गर्ने छैन ।  लघु उद्यम विकासले वस्तुतः व्यावसायिक अवसरहरुलाई समेट्न सक्नु पर्दछ, जुन हरित अर्थतन्त्र (Green Economy) ले प्रदान गर्दछ । यसका केही उदाहरणहरुमा प्रांगारिक खेती, पुनः नवीकरणीय उर्जा र स्रोतको प्रयोग, उर्जा क्षमता प्रवर्द्धन गरेर प्रविधिको प्रयोग र हस्तान्तरण (जस्तै सुधारिएको चुलो) आदि छन् । मुलुकमा प्राकृतिक स्रोतहरु जस्तैः जलस्रोत, कृषि उत्पादन तथा वनजन्य उत्पादनमा वातावरण तथा जलवायु परिवर्तनका प्रभावहरु देखिन थालेका छन् । ग्रामीण उद्यमीहरुले वातावरणीय परिवर्तनका यस्ता प्रभावहरुमा क्षति र जोखिम बढ्दै गैरहेको कुरालाई अनुभूत गरिसकेका छन् । प्राकृतिक स्रोतमा आधारित लघु उद्यमलाई यस्तो वातावरणीय दुष्प्रभावबाट जोगाउँदै व्यवसायलाई दिगो बनाउने उपायहरुको खोजी गर्नु आवश्यक भैसकेको छ ।

४.२.१२ उद्यमहरुको दिगोपन (Sustainbiltiy of Enterprises)

उद्यमीहरु आफैमा बाँच्न सक्ने बनाउनुका साथै उनीहरुको स्तरोन्नती गर्नु मेडपाको विशिष्ट लक्ष्य हो । लघु उद्यहरुको गतिशिल परिवर्तन (Dynamic Progression) लाई ध्यान दिएर कार्यक्रमका गतिविधिहरु सञ्चालन गरिनेछन् । सामान्यतः ३-४ वर्ष सम्मको चरणमा सहयोग गरी परिपक्वतातर्फ अघि बढ्ने लघु उद्यमलाई सहयोगको मात्रा घटाइँदै लगिनेछ । अध्ययनहरुले पनि यस्तो सहयोग कम्तिमा ३ बर्ष हुनु पर्ने औंल्याइएको छ

। सबै उद्यमीहरु प्राकृतिकरुपमा स्वतः सफल हुन्छन् भन्ने नभए जस्तै सबै असफल बन्छन् भन्ने निष्कर्ष पनि निकाल्नु हुँदैन । राम्ररी ध्यान पुर्याएर खोलिएको उद्यमीको उद्योगले सार्थक आम्दानी दिन सक्छ तर निश्चित समयको लागि विभिन्न चरणमा चाहिने निरन्तर सहयोग भने जरुरी छ ।

समूहमा आधारित उद्यम विकासका मोडेलहरुले राम्रो कार्य गरिरहेको र सदस्यहरुलाई समेत सशक्त बनाइरहेको पर्याप्त उदाहरण छन् । यद्यपि समूहको गतिशिलता सधैंभरी एकनास रहँदैन । खासगरी जब व्यवसाय परिवर्तन हुन्छ वा बढी बिक्रियोग्य स्रोत उपलब्ध हुन्छ वा औपचारिक संगठनात्मक ढाँचा तर्फ अग्रसर हुन्छन्, यस्तो अवस्थामा उनीहरुको आवश्यकता पहिचान गर्दै सँगठनात्मक विकासका सहयोगहरु प्रदान गरिरहनु पर्छ । उद्यम विकासको विभिन्न चरणमा विभिन्न प्रकारका सहयोगहरु निरन्तर गरिरहनु पर्छ । संगठनात्मक विकासको जीवन चक्रका दृष्टिकोणबाट हुने आरोह अवरोह तथा परिवर्तनको यस वास्तविकतालाई कार्यक्रमले आत्मसात गर्नेछ । ब्यावसायिक योजनाहरुको वार्षिक समिक्षाले उद्यमीको सुधार र दिगोपनामा सहयोग पुर्याउनेछ । नयाँ उपयुक्त प्रविधि र औजारहरु प्रयोग गर्न वा समसामयिक बनाउन आवश्यक ध्यान पुर्याईनेछ ।

४.२.१३ व्यवसाय विकास सेवाको दिगोपन (Sustanabilty in Business Development Service Providers)

मेडपाले लघु उद्यमीहरुको मागको आधारमा सेवा प्रदान गर्न प्रदेश तथा स्थानीय तहमा लघु उद्यमको विकासका लागि एक व्यवसाय विकास सेवा केन्द्र प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । यस्ता सेवाहरुमा सहुलियत दिइने, शुल्कमा आधारित वा दुवै मिश्रित समेत हुनेछन् । लघु उद्यमी समूह वा लघु उद्यमी समूह संघमार्फत मागमा आधारित विकेन्द्रित ब्यावसायिक विकास सेवाको व्यवस्थाका लागि मेडपा दुरदृष्टि अन्तर्गत निम्न विशेषताहरु समावेश छन् : क) लघु उद्यमी समूह वा संघले तैयार पारेका क्षमता विकास सम्बन्धी योजनाहरुमा लगानी वा सहुलियत प्रदान गर्न बजेटको केही अंश छुट्याइएको हुन्छ । ख) स्थानीय तह उद्यम विकास समितिले व्यवसाय विकास सेवासँग सम्बन्धित आवश्यक सेवा प्राप्त गर्नका लागि गैर सरकारी/निजी संस्थाहरुबाट आवश्यकता अनुसार खरिद गर्नका लागि आवश्यक व्यवस्था मिलाउनेछ । यसको लागि स्थानीय तह खरिद संरचना बनाउने रणनीति लिएको छ । ग) लघु उद्यमी, लघु उद्यमी समूह वा संघहरुले व्यवसाय विकास सेवा समयको अन्तरालमा सशुल्क प्राप्त गर्नुपर्नेछ । यही नै दिगोपनाको आधार हो ।

४.२.१४ उद्यमीको संस्थाहरुको दिगोपन (Sustaiability of Entrerrenerus' Associations)

लघु उद्यमीहरुले संकलन गरेको सदस्यता शुल्क, नाफाबाट सामान्य योगदान, स्थानीय स्रोत योजना मार्फत छुट्याइएको निश्चित अंश जस्ता स्रोतहरुको संकलन गर्न सक्ने क्षमताका आधारमा उद्यमीहरुको संगठनको दिगोपन निर्भर गर्दछ । उद्यमीका संगठनको भूमिका लघु उद्यम विकासका लागि मूलतः नेतृत्व विकास, उद्यमीहरुको बजार संजाल विस्तार, सुशासन र नीतिगत बहस जस्ता पक्षहरुमा केन्द्रित हुन आवश्यक छ ।

४.२.१५ नतीजामुखी उपकरार (Results-based Sub-Contracting)

नतीजामुखी उपकरार माध्यमबाट मेडपा कार्यक्रम अन्तर्गत लघु उद्यमी सिर्जना तथा स्तरोन्नतीका कार्यक्रमहरु गरिनेछ । नतीजामुखी उपकरारको मुख्य विशेषता भनेको उपकरार गर्ने संस्थालाई अगाडी नै तोकिएको परिणाम अनुसार उपलब्धि भए नभएको भनी तेश्रो पक्षले लक्ष अनुसार उपलब्धिका बारेमा प्रमाणित गरेका आधारमा मात्र गरिने भुक्तानी हो । स्वास्थ्य, खानेपानी तथा सरसफाई, कृषि विस्तार सेवा र सिप रोजगारीका क्षेत्रहरुमा नेपाल लगायत विभिन्न देशका अनुभवहरुले नतीजामुखी उपकरारका फाइदाहरुलाई उल्लेख गरेका छन् । यसका फाइदालाई यसरी उल्लेख गर्न सकिन्छ : (क) यसले उपभोक्ता र संस्था दुवैमा लाग्ने लागत खर्चमा ठूलो बचत गर्दछ, (ख) दक्षता र उपलब्धिका दृष्टिबाट प्रदान गर्ने सेवामा मुल्य अभिवृद्धि गर्दछ उदाहरणका लागि पारिश्रमिकलाई सोझै उपलब्धिसँग गाँसिएको हुन्छ, कर्मचारीहरु परिणाम निकाल्न बढी समर्पित हुन्छन्), (ग) यसले दिगो विकासका लागि पूर्व शर्त तैयार गर्दछ र (घ) यसले भ्रष्टाचार र अव्यवस्थालाई न्यूनीकरण गर्दछ ।

## ४.३ आगामी ५ बर्षको परिकल्पना (Vision):

यस दोर्दी गाउँपालिकामा उपलब्ध स्रोत साधन, जनशक्ति, सीप र पर्यटकीय सम्भावनाका अवसरहरु, प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरु र बढ्दो बजारीकरणको अवसरबाट लक्षित वर्गले प्रतिपर्धात्मक लाभ प्राप्त गरी जिवीकोपार्जन तथा आर्थिक समृद्धिमा गुणात्मक सुधार ल्याउन सबै पक्षको सहमती र प्रतिबद्धताका साथ उद्यम विकासको क्षेत्रमा निम्न अनुसार दोर्दी गाउँपालिकाको दीर्घकालीन सोच निर्धारण गरिएको छ:

**"स्थानीय स्रोत साधन र सीपको उपयोगबाट उद्यम र रोजगारीमा बृद्धि,**
**दोर्दी गाउँपालिकाका जनताको सुशासन सहितको समृद्धि"**

### ४.३.१. **दीर्घकालीन सोच** (परिकल्पना) **पुरा गर्ने रणनीति** :

- सामाजिक सामावेशीकरणलाई केन्द्रित गरी लघु, घरेलु तथा साना उद्योग मार्फत् गरिवी न्यूनीकरण गरिनेछ ।
- गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको सफल र बलियो अवधारणालाई सबै वडाहरुमा अवलम्वन गरिनेछ ।
- गाउँपालिका तहमा उद्यम विकासका लागि बिभिन्न निकायबाट लगानी गरिने स्रोत तथा प्रदान गरिने सेवालाई एकीकृत ढङ्गले परिचालन गर्न बार्षिक संयुक्त कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।
- लघु वित्त र अन्य आर्थिक सेवा सर्वसुलभ ब्याजदरमा साना तथा लघु उद्यमीको पहूँचमा पुऱ्याइनछे ।
- सरकारी तथा संगठित संस्थाहरुले १० प्रतिशतसम्म महँगो भएतापनि स्थानीय उत्पादनको उपयोगलाई प्राथमिकता दिन पैरवि गरिनेछ ।
- सीप विकास तालिम दिदा सहभागीहरुलाई प्रतिस्पर्धी बन्न सक्नेगरी पुग्दो सीप दिईनछ ।
- गाउँको पहिचान बोकेका तथा हाल लोपोन्मुख अवस्थामा रहेका बिशेष सीपमा आधारित उद्यमहरु को पुनर्स्थापना गरी सम्मानित पेशाको रुपमा स्थापित गर्न जोड दिईनेछ ।
- योजनाको अवधिसम्मका लागि पारदर्शी हुनेगरी यस गाउँपालिकाको अगुवाइमा सेवा प्रदायक छनौट गरिने छ ।

- मेड्पा मोडेललाई  लक्षित समूह अनुकुलन गरिनेछ ।
- "लक्षित वर्गका सबै उद्यममा सरिक, कोही पनि नरहुन् गरिव" भन्ने नाराका साथ उद्यम विकासका कृयाकलापहरुलाई केन्द्रित गरिनेछ ।
- वैदेशिकरोजगारबाट प्राप्त विप्रेषणको उपयोगद्वारा आयातलाई प्रतिस्थापन हुने गरी उद्यम व्यवसाय परिचालन गर्न उत्प्रेरित गरिनेछ ।
- लक्षित वर्गको एक घर एक उद्यम सहितको ब्यावसायिक रोजगारमूलक अवस्थाको सिर्जना गरिनेछ ।
- लघु तथा साना उद्यमहरुबाट हुने ध्वनी तथा वायु प्रदुषणबाट नागरिकको स्वास्थ्यमा प्रतिकुल असर हुन नदिन त्यस्ता प्रदुषण गर्ने खालका उद्यमहरुलाई ब्यवस्थित गर्न औद्योगिक ग्रामको अवधारणालाई कार्यान्वयनमा ल्याईनेछ ।

**मध्यम गरीवकालागि** पूर्ण उद्यमशीलता विकासको प्याकेज :

- उद्यम विकासका लागि सामाजिक परिचालन
- उद्यमशीलता क्षमता विकास
- प्राविधिक सीप विकास
- लघु वित्त सुविधामा पहुँच बृद्धि गर्ने
- उपयुक्त प्रविधिको पहुँचमा बृद्धि गर्ने
- बजार संजालमा आवद्ध तथा व्यवसाय विकास परामर्श सेवा प्रदान

**अति गरीवकालागि** माथिका सबै सेवाका अलावा तपशीलका सबै:

- समूहमा सञ्चालित हुने उद्यमका लागि साझा सुविधा केन्द्रमार्फत लगानी हुने, ऋण  पाउन नसक्नेलाई ऋण पाउन योग्य वनाउने ।
- समूह गठन भैसकेपछि सहकारी अथवा निजी साझेदारी संस्था दर्ता गर्ने ।
- साझा सुविधा केन्द्रमा लगानी भएको रकम सदस्यहरुलाई शेयरमा परिणत गर्ने
- साझा सुविधा केन्द्र सहकारी वा निजी संस्थालाई हस्तान्तरण गर्ने ।

## ४.४ आगामी ५ बर्षको लक्ष्य (Goal):

यस दोर्दी गाउँपालिकाको लघुउद्यम बिकास योजनाको मूल लक्ष भनेको गाउँपालिका क्षेत्रमा छरिएर रहेका स्रोत तथा सीपमा आधारित लघु तथा घरेलु उद्यमहरुको स्थापना तथा विकास गरी थप २७७९ बिपन्न गाउँबासीको आयस्तरमा सुधार ल्याई जीवनस्तरमा सुधार ल्याउने हो:

लक्षका सूचकहरु:

- योजनाको अन्त्य सम्ममा नयाँ उद्यम स्थापना गर्ने उद्यमीमध्दे ७० प्रतिसत उद्यमीको आयमा कम्तिमा पनि ६० प्रतिसतले बृद्धि भएको हुनेछ ।

- लघु उद्यममा रोजगारी पाउँने मध्दे कम्तिमा पनि ६५ प्रतिसतको आयमा ६० प्रतिसतले बृद्धि भएको हुँने छ
- स्तरोन्नतीको सेवा पाएका मध्दे कम्तिमा पनि १५ प्रतिसत लघु उद्यमहरु साना उद्यममा परिणत भएका हुँने छन ।

## ३.५ आगामी ५ बर्षको उद्देश्य (Objective):

यस योजनाको मूल उदेश्य भनेको बिपन्न बर्गको समृद्धिका लागी दोर्दी गाउँपालिकामा छरिएर रहेका परम्परागत सीप तथा स्रोत साधनको पहिचान गरि लघु घरेलु तथा साना उद्योगको स्थापना तथा स्तरोन्नति गरि थप रोजगारीको श्रृजना र आय बृद्धि गरी विपन्न बर्गका समुदायका मानिसको जीवनस्तरमा सुधार ल्याउँने हुनेछ ।

## ४.६ आगामी ५बर्षमा निकाल्नै पर्ने नतीजाहरुको बिस्तृत योजनाः

### ४.६.१ उद्यम र रोजगारी श्रृजना तथा लगानी र आय बृद्धि योजना :

टेवल ११: उद्यम स्थापना, रोजगारी श्रृजना, लगानी तथा आय बृद्धि

| सि.नं | विवरण | जम्मा | २०७५/२०७६ | २०७६/२०७७ | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० |
|---|---|---|---|---|---|---|---|
| १ | श्रृजना हुने उद्यम संख्या | १८५१ | ३२५ | ३५८ | ३६८ | ३९३ | ४०८ |
| २ | नयाँ उद्यमी स्थापनाबाट श्रृजना हुने रोजगारी संख्या | २७७९ | ४८८ | ५३७ | ५५२ | ५९० | ६१२ |
| ३ | लगानी बृद्धि रु | ६,९९,२९,००० | १,१३,७५,००० | १,२५,३०,००० | १,३९,८४,००० | १५७,२०,००० | १.६३.२०,००० |
| ४ | बार्षिक आय बृद्धि | १८,५१,००,००० | ३,२५,००,००० | ३,५८,००,००० | ३,६८,००,००० | ३,९३,००,००० | ४,०८,००,००० |

प्रत्येक वडाका उद्यमहरुको ५ बर्षको लक्ष निम्न अनुसार छन ।

| वडानं | श्रृजना गर्न सकिने संभाब्य उद्यमहरु | संभावित संख्या |
|---|---|---|
| १ | ब्यावसायिक कफि खेती | १५ |
| | ब्यावसायिक आलुखेती | १५ |
| | ब्यावसायिक आलैची खेती | १५ |
| | ब्यावसायिक तरकारी खेती | १० |

| | | |
|---|---|---|
| | ब्यावसायिक बाख्रापालन | १५ |
| | ब्यावसायिक कुखुरापालन | १५ |
| | ब्यावसायिक गाई, भैंसी पालन | १० |
| | टिमुर अमला खेती | १० |
| | जडिबुटी संकलन तथा प्रशोधन | १ |
| | प्लम्विङ्ग | १० |
| | वाइरिङ्ग | १० |
| | इलेक्ट्रोनिक्स | ५ |
| | ड्राइभिङ्ग | ५ |
| | सिलाई कटाई बुनाई | ५ |
| | मोबाइल टिभि मर्मत | ५ |
| | सिकर्मी | १० |
| | डकर्मी | १० |
| | होम स्टे सञ्चालन | १० |
| | खाजानास्ता पसल | २ |
| | जम्मा | १७८ |
| २ | ब्यावसायिक तरकारी खेती | २५ |
| | धानको बीउ उत्पादन | २० |
| | ब्यावसायिक माछापालन | १५ |
| | हलेदो बेसार खेती | १० |
| | ब्यावसायिक तोरी खेती | १० |
| | ब्यावसायिक बाख्रापालन | ३० |
| | ब्यावसायिक बंगुरपालन | १० |
| | ब्यावसायिक कुखुरापालन | १५ |
| | डेरीजन्य उद्योगमा संलग्न उद्यमी | १० |

| | | |
|---|---|---|
| | मासुपसल, फ्रेसहाउस | ५ |
| | काठका कलात्मक सामग्री उत्पादन | ५ |
| | डोको, थुन्चे उत्पादन | ५ |
| | फर्निचर उद्योग | ५ |
| | जडिबुटी संकलन तथा प्रशोधन | १ |
| | लोक्ता, अर्गेली, अल्लोजन्य उद्योग | ४ |
| | सिलाई कटाई बुनाई | ५ |
| | टपरी उत्पादन | ५ |
| | मोबाइल टिभि मर्मत | ५ |
| | वाइरिङ्ग | १० |
| | सिकर्मी | १० |
| | प्लम्विङ्ग | १० |
| | होम स्टे सञ्चालन | ५ |
| | पूजा सामग्री पसल | १ |
| | पर्यटन व्यवसाय | १ |
| | **जम्मा** | **२२२** |
| ३ | अलैची खेती | ४० |
| | व्यावसायिक मकै खेती | २० |
| | व्यावसायिक आलुखेती | १० |
| | अदुवा हलेदो बेसार खेती | १० |
| | व्यावसायिक कोदो खेती | १० |
| | व्यावसायिक माछापालन | ४ |
| | व्यावसायिक कुखुरापालन | १५ |
| | व्यावसायिक गाई, भैंसी पालन | १५ |

| | | |
|---|---|---|
| | ब्यावसायिक बाख्रा, भेडा पालन | ३५ |
| | डेरीजन्य उद्योगमा संलग्न उद्यमी | १० |
| | चीउरीको घिउ उत्पादन | ५ |
| | सालको पातजन्य उद्यम | १० |
| | फर्निचर उद्योग | ५ |
| | डोको, थुन्चे, भकारी उत्पादन | ५ |
| | इलेक्ट्रोनिक्स | ५ |
| | डकर्मी | १० |
| | सिकर्मी | १० |
| | होम स्टे सञ्चालन | ५ |
| | पर्यटन ब्यवसाय | २ |
| | **जम्मा** | **२२६** |
| ४ | बेमौसमी तरकारी खेती | ४ |
| | ब्यावसायिक आलुखेती | २० |
| | अलैची खेती | २० |
| | ब्यावसायिक खोर्सानी खेती | २० |
| | ब्यावसायिक गोलभेडा खेती | २० |
| | मह उत्पादन | २ |
| | रेशम खेती | १ |
| | मास खेती | ३० |
| | ब्यावसायिक माछापालन | १० |
| | सामुहिक बाखापालन | २ |
| | उन्नत जातका गाई भैंसीपालन | २ |
| | ब्यावसायिक कुखुरापालन | ३ |

| | | |
|---|---|---|
| | बाँसजन्य उद्योग | २ |
| | फर्निचर उद्योग | २ |
| | अल्लो, लोक्ता प्रशोधन तथा उद्यम | १ |
| | जडिबुटी संकलन तथा प्रशोधन | १ |
| | वाइरिङ्ग | १० |
| | प्लम्बिङ्ग | १० |
| | डकर्मी | १० |
| | सिकर्मी | १० |
| | होम स्टे सञ्चालन | १ |
| | होटल सञ्चालन | १० |
| | भ्यू टावर | १ |
| | ट्रेकिङ्ग मार्ग निर्माण | १ |
| | **जम्मा** | **१९३** |
| ५ | व्यावसायिक कफि खेती | १५ |
| | व्यावसायिक आलुखेती | १५ |
| | अलैची खेती | १५ |
| | अदुवा खेती | १० |
| | मकैको बीउ उत्पादन | १० |
| | व्यावसायिक माछापालन | ३ |
| | भेडा बाखापालन | २० |
| | गाई भैंसीपालन | २० |
| | राडीपाखीजन्य उद्योग | २० |
| | दुग्ध संकलन केन्द्र | १० |
| | जडिबुटी संकलन तथा प्रशोधन | ५ |

| | | |
|---|---|---|
| | डकर्मी | १० |
| | सिकर्मी | १० |
| | प्लम्विङ्ग | १० |
| | वाइरिङ्ग | १० |
| | मोटरसाइकल मर्मत | ५ |
| | होम स्टे सञ्चालन | २० |
| | गुरुङ्ग संग्रहलय स्थापना | १ |
| | पार्क निर्माण | १ |
| | **जम्मा** | **२१०** |
| ६ | ब्यावसायिक कोदो खेती | १५ |
| | ब्यावसायिक मकै खेती | २५ |
| | ब्यावसायिक भटमास खेती | १० |
| | ब्यावसायिक आलुखेती | २५ |
| | अलैची खेती | २० |
| | ब्यावसायिक तरकारी खेती | ४० |
| | ब्यावसायिक माछापालन | ५ |
| | दुग्ध संकलन केन्द्र | १ |
| | मासुपसल, फ्रेसहाउस | ५ |
| | राडीपाखीजन्य उद्योग | ५ |
| | ब्यावसायिक भेडा बाखापालन | २५ |
| | नेपाली कागज बनाउने उद्यम | २ |
| | जडिबुटी खेती, संकलन, प्रशोधन | १ |
| | सिस्नुको पाउडर उत्पादन | १ |
| | कुरिलो खेती | २ |
| | वाइरिङ्ग | १० |
| | मोबाइल टिभि मर्मत | ५ |

| | | |
|---|---|---|
| | मोटरसाइकल मर्मत | ५ |
| | होम स्टे सञ्चालन | १० |
| | पर्यटन व्यवसाय | १० |
| | **जम्मा** | **२२२** |
| ७ | व्यावसायिक मकै खेती | १० |
| | व्यावसायिक कोदो खेती | २५ |
| | व्यावसायिक आलुखेती | २० |
| | व्यावसायिक गाई, भैंसी पालन | २५ |
| | व्यावसायिक भेडा बाखापालन | १० |
| | व्यावसायिक कुखुरापालन | २० |
| | जडिबुटी संकलन तथा प्रशोधन | १० |
| | फर्निचर उद्योग | ५ |
| | प्लम्विङ्ग | १५ |
| | सिलाई कटाई | १५ |
| | होम स्टे सञ्चालन | १० |
| | होटल सञ्चालन | १० |
| | डुङ्गा सञ्चालन | २ |
| | **जम्मा** | **१७७** |
| ८ | व्यावसायिक आलुखेती | १५ |
| | व्यावसायिक चियाखेती | १५ |
| | व्यावसायिक कफि खेती | १५ |
| | अलैची खेती | १५ |
| | व्यावसायिक तरकारी खेती | ३५ |
| | अदुवा हलेदो बेसार खेती | १० |
| | व्यावसायिक माहुरीपालन | १० |

| | | |
|---|---|---|
| | व्यावसायिक गाई, भैंसी पालन | १० |
| | व्यावसायिक कुखुरापालन | १५ |
| | व्यावसायिक भेडा बाख्रापालन | २५ |
| | राडीपाखीजन्य उद्योग | ५ |
| | दुग्धजन्य उद्योग | ५ |
| | फर्निचर उद्योग | ५ |
| | सल्लाको पातको म्याट्रेस उत्पादन | १ |
| | जडिबुटी संकलन तथा प्रशोधन | ५ |
| | बाँसजन्य उद्योग | ५ |
| | चिउरीको घिउ उत्पादन | २ |
| | प्लम्बिङ्ग | १० |
| | वाइरिङ्ग | १० |
| | सिलाई कटाई | ५ |
| | चाउमिन उद्योग | २ |
| | वर्कशप | १ |
| | होम स्टे सञ्चालन | १० |
| | पिकनिक स्पट, पार्क | १ |
| | पूजा सामग्री पसल | २ |
| | खाजानास्ता पसल | ५ |
| | **जम्मा** | **२३९** |
| ९ | अलैची खेती | २५ |
| | व्यावसायिक आलुखेती | १५ |
| | व्यावसायिक केराखेती | ५ |
| | व्यावसायिक गोलभेडा खेती | ५ |
| | मकैको बीउ उत्पादन | १५ |

| | | |
|---|---|---|
| | अदुवा बेसार खेती | १५ |
| | व्यावसायिक माहुरीपालन | ११ |
| | व्यावसायिक माछापालन | ५ |
| | व्यावसायिक भेडा बाखापालन | १० |
| | व्यावसायिक गाई, भैंसी पालन | १० |
| | व्यावसायिक कुखुरापालन | १० |
| | राडीपाखीजन्य उद्योग | ५ |
| | मासुपसल, फ्रेसहाउस | २ |
| | दुग्धजन्य उद्योग | २ |
| | बाँसजन्य उद्योग | ५ |
| | चिउरीको घिउ उत्पादन | २ |
| | जडिबुटी संकलन तथा प्रशोधन | १० |
| | सिलाई कटाई | ५ |
| | ब्युटीपार्लर | ५ |
| | मैन बत्ती उत्पादन | ५ |
| | धुप उत्पादन | ५ |
| | भ्यू टावर | १ |
| | पर्यटन व्यवसाय | ५ |
| | होटल सञ्चालन | ४ |
| | पुष्प व्यवसाय | २ |
| | **जम्मा** | **१८४** |
| | **कुल जम्मा** | **१८५१** |

### ४.६.२ उद्यमशिलता तथा सीप विकास तालीम योजनाः

| सि.नं | लक्षित समूह | आ.ब. २०७४/२०७५ देखी २०७८/२०७९ सम्म | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०७५/२०७६ | २०७६/२०७७ | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० | |
| क | सीप विकास तालीम | | | | | | |
| १ | अति गरिव परिवार (५० प्रतिशत) | १७९ | १९७ | २०४ | २१६ | २२५ | १०२१ |
| २ | गरिव परिवार (३० प्रतिशत) | १०७ | ११८ | १२२ | १३० | १३५ | ६१२ |
| ३ | अन्य परिवार (२० प्रतिशत) | ७२ | ७९ | ८२ | ८६ | ९० | ४०९ |
| | जम्मा | ३५८ | ३९४ | ४०८ | ४३२ | ४५० | २०४२ |
| ख. | उद्यमशीलता विकास तालीम पाउनेको संख्या | ३९४ | ४३३ | ४४९ | ४७५ | ४९५ | २२४६ |

### ४.६.३ लघु, घरेलु तथा साना उद्योगको स्तर उन्नती योजनाः

| सि.नं | उद्यमको स्तर | हालको | २०७५/२०७६ | २०७६/२०७७ | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | साविक भन्दा उत्पादन तथा बिकि बृद्धि गर्न स्तरोन्नती गरिने उद्यमहरुको संख्या | | ५० | १९५ | २१४ | २२१ | २३५ | ९१५ |
| २ | अर्ध सक्रिय र पूर्ण निष्कृय उद्यमहरुको पहिचान र अद्यावधिक गर्ने | निरन्तर | निरन्तर | | | | | निरन्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | हाल अर्ध सकृय रहेकालाई पूर्ण सकृय बनाई अर्ध सकृयको संख्या काम गरिने उद्यमको संख्या | ५० उद्यम | १० | १० | १२ | १३ | १४ | **५९** |
| ४ | हालका पूर्ण निष्कृयलाई सकृय बनाउने उद्यमको संख्या | ५४ उद्यम | ५ | ७ | ८ | १० | १२ | ४२ |

### ४.६.४ वित्तीय सेवामा उद्यमीहरु तथा अन्य मूल्य श्रृङ्खलाका पात्रहरुको पहुँच बृद्धि योजनाः

**टेवल १४ वित्तीय सेवामा उद्यमीहरु तथा अन्य मूल्य श्रृङ्खलाका पात्रहरुको पहुँच बृद्धि**

| सि.नं | उद्यमको स्तर | हालको | २०७५/२०७६ | २०७६/२०७७ | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | उद्यमी र वित्तीय संस्थाहरु बिच अन्तरकृया | | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २ | व्यावसायिक योजना पुनरावलोकन गर्ने उद्यमको संख्या | | आवश्यकता अनुसार | | | | | |
| ३ | लेखा तथा व्यावसयिक कारेवार र व्यवस्थापन तालिम दिइने उद्यमीको संख्या | | ३४० | ३६८ | ३७० | ४०० | ४१२ | १८९० |
| ४ | लघु उद्यमीबाट बनाइने सहकारीको संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ५ | भएका सहकारीबाट ने.रा.बै.को स्वरोजगार कोष तथा अन्य बैंकहरुको सुलभ कर्जामा पहुँच बृद्धि गरिने सहकारिको संख्या | ० | १ | १ | १ | १ | १ | ५ |
| ६ | सहजरुपमा ऋणमा पहुँच हुने उद्यमी तथा अन्य मूल्य श्रृङ्खलाका पात्रहरुको प्रतिशत बृद्धि | ३० | ३५ | ४० | ५० | ७० | ८० | ८० |

## ४.६.५ मूल्य श्रृंखलाको विकास तथा बजारसँगको सम्बन्ध विकास र व्यवस्थापन

**मूल्यश्रृंखलाको अवधारणालाई अवलम्बन गरिने छः** हरेक उत्पादनहरु निश्चित उपभोक्ताहरुका लागि लक्षित गरिएका हुन्छन् र उत्पादन भन्दा अगाडी, उत्पादन र बजारिकरणका बिचमा थुप्रै गतिविधिहरुका लागि थुप्रै पात्रहरु जोडिएका हुन्छन् र तिनिहरुले विविध गतिविधिहरु सञ्चालन गरेका हुन्छन् । उत्पादन गर्ने सम्भावना हुँदा हुँदै पनि यदि उत्पादन पूर्वका कार्यहरुले गति नलिदा उत्पादनमा नकारात्मक असर पर्दछ र उत्पादन पछिको श्रृंखला पनि प्रभावित हुन्छ । साथै उत्पादन भएर पनि उत्पादन पश्चातका कार्य श्रृंखलाहरुले गति नलिदा पनि उत्पादन देखि उत्पादन पूर्वका श्रृंखला प्रभावित हुन्छन् । मूल्यश्रृंखलाको सामान्य अवधारणा निम्न अनुसार छ

:




तसर्थ उद्यमहरुको स्थापना गर्दा वस्तुहरुको प्रकार अनुसारका श्रृंखलाहरुको हेक्का राखी मूल्य श्रृंखलाहरुको विविध पक्ष तथा पात्रहरुको विकासमा पनि जोड दिई श्रृंखलालाई अटुट गराउन जोड दिईने छ ।

टेवल १५ बजार सँगको सम्बन्ध बिस्तार योजना

